Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २, २०७६ साल साउन २१ गते मंगलबार (August 6, 2019) www.janaakash.com.np मुल्य रु १०।-

## सूचना ! सूचना !! सूचना !!!

यस जनआकाश मिडिया प्रा.लि.ले वार्षिकउत्सवको अवसरमा राष्ट्रलाई योगदान पुर्‍याएका व्यक्तित्वहरुलाई प्रत्येक वर्ष सम्मान गर्दै आएको छ यसवर्षबाट अक्षयकोषाको व्यवस्था समेत गर्ने भएको हुँदा विद्यार्थीवर्ग, जन आकाशका शुभचिन्तक, पाठक वर्ग, विज्ञापनदाता, देशभरी रहेका जन आकाशका प्रतिनिधिहरु र सम्मानित व्यक्तिहरु, अतिथि, विशेष अतिथिहरु सबैलाई पत्राचार गरिसकेको र यदी नपुगेको भए यसै सूचनालाई आधिकारिक मानेर उपस्थित भइदिनु हुन अनुरोध गर्दछौं ।

कार्यक्रम स्थान: प्रज्ञा भवन, लेखनाथ वाचनालय कक्ष, कमलादी

समय: दिनको १२ बजे

मिति: २०७६।४।३१ गते शुक्रबार

सम्पर्क: ४१६७५७८ (बागबजार), मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# डुबाउने नै भए शम्भुले सिद्धार्थ

काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडमा यतिखेर काण्डैकाण्ड शुरु भएको छ । सञ्चालक सदस्यहरु वीचको विवाद उत्पन्न भएपछि यही मौकामा चौका हान्नुपर्छ भन्दै सिदार्थ बैंकका कार्यकारी अधिकृत शम्भु गौतमले बैकमा मनोमानी ढंगबाट काम गरिरहेको स्रोतको दाबी रहेको छ ।

सिद्धार्थ बैंकका अध्यक्ष मनोज केडिया र निर्देशक नरेन्द्र कुमार अग्रवालबीचमा केही समय अगाडिदेखि विवाद उत्पन्न भई बोर्ड मिटिङ्गमा समेत भनाभन भएपछि सिद्धार्थ बैंकको बोर्ड कमजोर बनेको हो । बोर्डमा रहेका निर्देशक दिनेश कुमार पालिखे, राजेश कुमार केडियाहरु पनि अग्रवाल र केडियाको विवाद पछि निरास बनेका थिए । बैंकमा जब बोर्ड कमजोर हुन्छ त्यतिबेला बैंकका प्रमुख कार्यकारी अधिकृतले चाहेको भनेको काम गर्न सक्छन् त्यस्तै यतिबेला शम्भुप्रसाद गौतमलाई चौका नै परेको छ ।




उनको विगतदेखि नै घरजग्गा कारोबार गर्ने विचौलियाहरुसँग शंकास्पद गतिविधि त भई नै रहेका थिए । यतिबेला शम्भु प्रसादको लागि सहज वातावरण बनेको हुनाले खराब लिष्टमा परेका व्यापारीहरुलाई शम्भुले बोलाएर कमिशनको गुनाणफल गरी खराब कर्जा प्रवाह गरिरहेको स्रोतको दावी रहेको छ ।

आम नागरिकको शेयरबाट सञ्चालित बैंकमा खराब नेतृत्व पर्‍यो भने ग्राहक वर्गले खाई नखाई भविष्यलाई सोंच राखेर जम्मा गरेको पैसा कुनै पनि बेला झ्वाम हुन नसक्ने त्रासले यतिबेला सिद्धार्थ बैंकमा रकम जम्मा गर्ने ग्राहकहरुको रकम जोखिममा परेको छ ।

### शम्भु गौतमको अर्को हर्कत

सामानय मानिसको बुझाईमा पनि अफिस भनेको नेपालको चलन चल्तीमा १० देखि ५ बजेसम्मको लागि हो । तर अचेल सिद्धार्थ बैंकका प्रमुख रातको ७ बजेसम्म बैंकमा नै बसिरहेको भेटिन्छ । अन्य कर्मचारीहरु ५ बजे नै

बाँकी ८ पृष्ठमा

# मष्टोको भेला सकियो

काठमाडौं । मष्टो कुल देवता प्रतिष्ठानको दोश्रो अधिवेशन तथा साधारणसभा सम्पन्न भएको छ । अस्ति १८ गते प्रज्ञाभवन कमलादीमा भएको अधिवेशनले मोहन सिंह खड्काको नेतृत्वमा २१ सदस्य कार्य समिति चयन गरेको हो ।




अध्यक्षमा मोहन सिंह खड्कालाई पुन: दोहोर्‍याइएको छ भने उपाध्यक्षमा कुमार कार्की, महासचिवमा पनि पुन: विष्णु खड्कालाई दोहोर्‍याइएको छ त्यसैगरी कोषाध्यक्ष, सहकोषाध्यक्षहरु पनि पुन: दोहोर्‍याइएको छ ।

कार्यक्रमलाई दुई शत्रमा विभाजन गरेर सञ्चालन गरिएको थियो । पहिलो खुल्ला शत्र गरिएको थियो भने दोश्रो शत्र बन्द शत्र गरिएको थियो । पहिलो शत्रमा विभिन्न इतिहास विज्ञहरुलाई आमन्त्रण गरी मस्टो कुलदेवता के हो ? कहाँबाट उत्पत्ति भयो ? यसको विशेषता के हो ? जस्ता सन्दर्भमा

बाँकी ८ पृष्ठमा

# ठमेलमा महालक्ष्मी विकास बैंकको शाखा




काठमाडौं । महालक्ष्मी विकास बैंक लि. ले बैकिङ्ग सेवाको पहुँच देशभर पुर्‍याउने उद्देश्य बमोजिम शाखा सञ्जाल विस्तार गर्दै आइरहेको छ । यसै क्रममा हिजो २० गते सोमबारदेखि बैंकले काठमाण्डौको वडा नम्बर २९, ठमेलमा नँया शाखा कार्यालय बिस्तार गरि बैकिङ्ग कारोबार सञ्चालनमा ल्याएको छ । उक्त शाखा कार्यालय सञ्चालनमा आएसँगै बैंकका शाखा कार्यालयहरुको संख्या ९८ पुगेको बैंकले जनाएको छ ।

महालक्ष्मी विकास बैंकले ग्राहकको विश्वसनीयतामा अभिवृद्धि गरि सम्पूर्ण क्षेत्र र वर्ग समुदायलाई बैकिङ सेवाको पहुँच पुर्‍याउने उद्देश्यले शाखा बिस्तार गरि ९८ वटा शाखाबाट करिब ५ लाखभन्दा बढी ग्राहकहरु माझ बैकिङ सेवा उपलब्ध गराउदै आइरहेको छ ।

बैंकले ग्राहकको हितलाई मध्यनजर गर्दै देशको अर्थतन्त्र सुदृढ बनाउन प्रयासरत रहने प्रतिबद्धता शाखा उद्घाटनको क्रममा जनाएको थियो ।

# सुन्दरीजलबाट पशुपतिमा लाखौँ बोलबम यात्री

काठमाडौं । साउनको तेस्रो सोमबार हिजो बिहानैदेखि वाग्मतीको शिरो भाग सुन्दरीजलबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा अर्पण गर्ने भक्तजनको भीड लागेको थियो ।

बोलबम काँवरिया सङ्घको आयोजनामा शुद्ध जल लिन लाखौं भक्तजन आइतबार बेलुकी नै सुन्दरीजल आइपुगेका थिए । सङ्घले आइतबार रातिदेखि नै सुन्दरीजलमा भजन कीर्तनसहित विशेष कार्यक्रमको आयोजना गरेको थियो ।

कार्यक्रममा पूर्वउपप्रधान एवं गृहमन्त्री विमलेन्द्र निधिले धार्मिक, सांस्कृतिक, प्राकृतिक र राजनीतिक दृष्टिले महत्वपूर्ण सुन्दरीजल क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

मानव कल्याणका लागि अन्यायका विरुद्ध शिवपुरीको यो क्षेत्रमा शिव पार्वतीले ध्यान तपस्या गर्नुभएजस्तै पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला, नेता गणेशमान सिंह, महेन्द्रनारायण निधिले यहींको जेलमा बसेर जनअधिकारका लागि काम गर्नुभयो, यसले पनि यो स्थानलाई थप पवित्र बनाएको छ, उहाँले भन्नुभयो ।

यस्तो पवित्रस्थलमा आउने जीर्ण सडकमा सरकारको आँखा पुग्न नसकेको उल्लेख गर्नुहुँदै नेपाली काङ्ग्रेसको उपसभापतिसमेत रहनुभएका नेता निधिले भगवान् शिवको त्रिनेत्रले सरकारको आँखा खोलोस् भनी कामना गर्नुभयो ।

पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा



प्रदीप ढकालले सुन्दरीजलबाट शुद्ध जल लिई बोलबम यात्रा गरेर पशुपतिनाथ मन्दिरमा चढाउन चाहने भक्तजनका लागि विशेष व्यवस्था गरिएको बताउनुभयो । बोलबम यात्रीलाई पशुपति मूल मन्दिरमा प्रवेश गरी जल चढाउन बेग्लै लामको व्यवस्था गरिएको पनि उहाँले जानकारी दिनुभयो ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसेले चालू आर्थिक वर्षमा सुन्दरीजलमा बोलबम धाम निर्माण गर्न रु एक करोड बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । धामका लागि ४६ रोपनी जग्गाको व्यवस्थासमेत नगरपालिकाले गरिदिएको उहाँको भनाइ थियो ।

अर्को वर्षको बोलबम यात्रा बेला धाम एवं सुन्दरीजल आउने सडक पनि बनिसक्ने नगर प्रमुख चालिसेको भनाइ थियो । सङ्घका अध्यक्ष तुलसी

बाँकी ८ पृष्ठमा

## बचतकर्तालाई सन्राइजको स्वास्थ्य बीमा, ३१ प्रतिशतसम्म फाइदा

**बिना झन्झट एक लाखसम्म स्वास्थ्य बीमा, पाँच लाखसम्मको दुर्घटना बीमा**

**सन्राइज बैंकको स्वास्थ्य बीमा प्राप्त गर्न अतिरिक्त शुल्क लाग्दैन । न उमेरको सीमाबन्दी न खाता खोल्दा स्वास्थ्य परीक्षणको झन्झट । बैंकमा खाता खोलेर बचत गर्न थालेपछि ग्राहकले आवश्यक पर्दा औषधोपचार बापत्को बीमा रकम बिना झन्झट प्राप्त गर्न सक्नुहुनेछ ।**

### सन्राइज बैंकको स्वास्थ्य बीमा सुविधा के हो ?

बैंकका नयाँ पुराना प्रत्येक बचत खातावाला ग्राहकहरूलाई अस्पतालमा भर्ना भइ उपचार गर्दा (केही बीमारीको हकमा अस्पतालमा भर्ना नहुँदा पनि) लागेको खर्च सोधभर्ना दिने योजना हो ।

### यो सुविधा कति पाइन्छ, कहिले पाइन्छ ?

बचत खातावाला ग्राहकहरूले आफ्नो बचत खातामा राखेको वार्षिक औसत निक्षेपको २५ प्रतिशतसम्म औषधी उपचार खर्च सोधभर्ना दिइन्छ । अर्को अर्थमा, कुनै खातावालाले आफ्नो खातामा रू. १ लाखको औषत मौज्दात कायम गरेको छ भने वर्ष भरीमा रू. २५ हजारसम्मको औषधी उपचार खर्च सोधभर्ना पाइन्छ । यसलाई वर्षको ३ पटकसम्म पटक पटक गरी वा एकै पटक उपभोग गर्न सकिन्छ ।

### यो सुविधाको सीमा कति हो ?

औसत मौज्दातको आधारमा वर्ष भरीमा एकै पटक वा ३ पटक गरी अधिकतम रू. १ लाखसम्म सोधभर्ना पाइन्छ । यस अर्थमा, बचत रकम एक जनाको मात्र खातामा नराखी परिवारको सबै सदस्यहरूको नाममा खाता खोलेमा सबैले औषधी उपचारको फाइदा पाउने हुन् । खाता खोल्न उमेरको सीमाबन्दी छैन ।

### के एकै दिन धेरै रकम जम्मा गरी सुविधा लिन सकिन्छ ?

आफ्नो खातामा जुनसुकै समयमा जुनसुकै रकम पनि जम्मा गर्न सकिन्छ (श्रोत खुलाउनु पर्ने आवश्यकता भिन्नै विषयवस्तु हो) । यसरी जम्मा भएको रकमलाई वार्षिक औषतमा गणना गरी औषधी उपचार खर्चको ग्राह्य रकम निकालिने हुँदा अस्पतालमा भर्ना हुन जाँदा बचत खातामा रकम नपुग देखिएमा एकै पटक बढी रकम पनि जम्मा गरी बढी सुविधा पाउन सकिन्छ । तर, बचत गर्ने बानी राम्रो हुने भएकोले वर्षैभरी एक तह भन्दा मौज्दात नघट्ने गरी एकनासले खातामा रकम राखी संचालन गर्नु उचित हो ।

### यसरी स्वास्थ्य बीमा गर्दा ग्राहकले के कति रकम तिर्नु पर्छ ?

पर्दैन । स्वास्थ्य बीमा बापत भुक्तानी गर्नुपर्ने प्रिमियम बैंकले नै भुक्तानी दिने व्यवस्था गरिएको छ । यस बापत ग्राहकसँग कुनै रकम लिइने छैन । यो सुविधा आफ्नो खातामा पाइने साविक ब्याजको अतिरिक्त हो ।

### फेरि अस्पतालमा छुट सुविधा भनेको के हो नि ?

बैंकले अस्पतालमा भर्ना भै औषधी उपचार खर्च सोधभर्ना दिने व्यवस्था गरेको मात्र होइन, तोकिएको अस्पतालहरूमा स्वास्थ्य परीक्षण गराउन जाँदा ग्राहकहरूलाई थप सुविधा होस् भन्नाले बैंकले १०० भन्दा बढी देशका ठूला साना अस्पतालहरूसँग छुट्टै सम्झौता गरेको छ, जस अनुसार विभिन्न किसिमको स्वास्थ परीक्षण शुल्कमा ५ देखि २० प्रतिशतसम्म छुट पाउने व्यवस्था मिलाइएको छ ।




**तपाईंको स्वास्थ्य उपचारमा हामी संग-संगै ।**

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
हामी संग-संगै

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# राष्ट्रिय उद्योगको संरक्षण गरौं

नेपालकै पहिलो उद्योगको रुपमा स्थापित विराटनगरस्थित जुटमिलको अस्तित्व सकिन लागेको छ । राणाकालिन राज्य व्यवस्थामा नै स्थापना गरिएको नेपालको पहिलो जुटमिल हो । जुन उद्योगबाट उत्पादन गरिएका जुटका बोराहरु त्यतिबेला नेपालमा मात्र नभएर भारतमा समेत निर्यात गरेर नेपालको प्रतिष्ठा बढाउँथ्यो । नेपालको प्रजातन्त्रको आन्दोलनका निम्ति मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला जो पछि नेपालका प्रधानमन्त्री समेत भए ती स्वर्गीय कोइराला र अधिकारीले समेत विराटनगर जुटमिलमा काम गरेर मजदुर आन्दोलन गर्न नेतृत्व दिएका थिए ।

तर विडम्बना नेपालमा प्रजातन्त्र बहुदलीय व्यवस्था स्थापना भएपछि नेपालमा उद्योग कलकारखानाहरुमा तिनै प्रजातन्त्र ल्याउन जुटमिलमा मजदुर आन्दोलन उठाउन भूमिका खलेका गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीहरुले नै पार्टीका नेता, कार्यकर्ता भर्ति केन्द्र बनाएर विराटनगर जुटमिललाई धराशायी बनाउने काम भएको जुटमिलमा काम गरेका तर पछि राजनीतिक षड्यन्त्रद्धारा निकालिएका जुटमिलका कर्मचारी हाल बृद्ध अवस्थामा रहेकाहरुले भन्ने गरेका छन् । त्यसपछि एकपछि अर्को गर्दै २०४७ को बहुदलीय व्यवस्था स्थापना भएपछि त निजीकरणका नाममा राष्ट्रिय उद्योगहरु बन्द गराउँदै बहुदलको नाममा किर्तिमान कायम गरेको देखिन्छ । विभिन्न मित्र राष्ट्रहरुको सहयोगमा सञ्चालित बालाजु कपडा उद्योग, हेटौंष कपडा उद्योग, जनकपुर चुरोट कारखानालगायत २० वर्षे बहुदलीय व्यवस्थामा समाप्त पारिएको देखिन्छ भने बाँकी रहेका नेपालगञ्ज सुगर मिल, बुटवल धागो कारखाना, विराटनगर जुटमिल, साँस मात्र धानेर बसेका थिए ।

त्यो पनि २०६२।०६३ को जनआन्दोलनबाट बनेको सरकार त्यसपछि गणतन्त्र नामक क्रान्तिले बाँकी रहेका उद्योगहरु समेत समाप्त पारिएको छ । अझ त्यो भन्दा लाज लाग्दो विषय विराटनगर जुट मिलमा भएका सामाग्रीहरु, पाटपूर्जाहरु हुँदा हुँदा कर्मचारी बस्ने क्वाटरको पर्खाल भत्काएर इटा समेत बेचेर राष्ट्रिय उद्योग सिध्याउने किर्तिमान कायम गर्न पो गणतन्त्र नामक क्रान्ति देशमा ल्याइएको रहेछ । इतिहासमा पढ्ने हो भने नेपालमा अहिले शासन गरिरहेका व्यक्तिहरुले राणा शासन व्यवस्थालाई धेरै निच शब्दहरु प्रयोग गरेर विरोध गरेको देखिन्छ ।

त्यसमा बहुदलीय प्रजातान्त्रिक समाजवादी भनिएको नेपाली काँग्रेस जनताको अधिनायकवादी समाजवादी व्यवस्था भनेर क्रान्तिको कुरा गर्ने र लेख्ने त्यतिबेलाको नेपाल कम्युनिष्ट पार्टी पछि माले, एमाले, त्यतिले नपुगेर जनयुद्धमा होमिएको नेकपा माओवादी हालको नेकपा नेपालको यतिबेला ठुलो पार्टी दुईतिहाइको सरकार यतिबेलासम्म आइपुग्दा राणा शासन व्यवस्थामा नै शुरु भएको जलविद्युतको विकासलाई ७० वर्षमा एकहजार मेगावाट विजुली उत्पादन गर्न नसक्ने, भएका उद्योग बन्द गर्ने बेच्ने, मिलिभगतमा तै चुप मै चुप गरेर राष्ट्रिय उद्योगहरु बन्द गराउने, ती राष्ट्रिय उद्योगहरु हिनामिना गराएर अनियमितता गरेको पैसाले बहुदलीय, गणतन्त्र व्यवस्थामा नेताहरुको छोराछोरी विदेशमा पढ्न पठाउने तर त्यही उद्योगमा हजारौं हजार मजदुरले काम गरेर राष्ट्रको उत्पादन प्रतिष्ठा र आफ्नो विहान बेलुका छाक टार्ने इमान्दार मजदुरहरुको विचल्ली बनाउने क्रान्तिकारी भनिएका नेताहरु हामीले पाइराखेका छौं ।

उद्योग खोल्ने, राष्ट्रिय उत्पादन बढाउने, देशभित्र रोजगार सृर्जना गर्ने योजना कसैले देशमा समाजमा सुनायो भने त्यो यथास्थितिवादी हुने र जो मेहनत गरेर आत्मनिर्भर हुने प्रयास गर्ने वास्तविक स्वाभिमानी नेपाली गुमनाम हुने र जो नेपालका उद्योग, कलकारखाना, व्यापार डुबाउन लाग्छन् त्यस्ता चाहिँ क्रान्तिकारी, देशभक्त भनेर चिनिने हाम्रो देशको चेतना विकास भएको रहेछ ।

त्यसो नहुन्थ्यो त जम्माजम्मी ३ करोड जनसंख्या भएको देश नेपालले दुईतिर ठुला राष्ट्र चीन र भारतलाई आवश्यक पर्ने वस्तुहरुको उत्पादन गरेर संसारकै धनी राष्ट्र नेपाल बनिसकेको हुन्थ्यो होला । नेपालमा भारतको वा अमेरिकी साम्राज्यवादको विरोध गर्ने तर सधें त्यतैतिरको भत्ता बुझेर नेपाललाई अस्थिरता मच्याउन भूमिका खेल्ने सोझा नेपालीलाई ढाँटेर गरेको छलछामले राष्ट्रिय उद्योगहरु धराशायी भएको देखिन्छ । त्यसकारण राष्ट्रिय उद्योगहरु संरक्षण गर्न वास्तविक देशभक्त, जो उद्योगहरु चलाउन दक्ष कामदारहरु प्रतिस्पर्धा गराएर छनोट गरी नाजायज माग राखेर पार्टीको स्वार्थ पूरा गरी नेपाललाई धराशायी बनाउने पुरानै प्रबृत्तिलाई चिनेर परास्त गर्दै राणाहरुले बनाएको भौतिक संरचनाको तरिकाबाट त्यसलाई अझ आधुनिकीकरण गरेर नेपाल राष्ट्रको लागि हित हुने राष्ट्रिय नयाँ उद्योगहरु खोल्नुपर्छ तव मात्र नेपालको प्रतिष्ठा विश्व बजारमा देख्न सकिन्छ । अहिलेको जुन लाजमर्दो अवस्थामा राष्ट्रिय उद्योगहरुको विजोग छ ती उद्योगहरुको तुरुन्तै संरक्षण गर्नुपर्छ ।

# नेकपा विवाद: नेपाली राजनीति दुर्भाग्यपूर्ण

**मोहन पोखरेल**



***जहाँसम्म सरकारको कुरा छ, आन्तरिक खैला बैलाका कारण केपी ओलीको सरकार अप्ठेरोमा पर्ने संभावना पनि त्यत्तिकै प्रबल बन्दै जाने छ । ओली सरकारको दिनगन्ती शुरु हुनासाथ लोकतान्त्रिक गणतन्त्रको मूल्य मान्यतामा आघात पार्ने किसिमका अनगिन्ति खेलहरु शुरु हुनेछन् । कम्युनिष्ठ पार्टीको एकीकरण प्रक्रिया भताभुङ्ग हुनु र यसैको प्रभावबाट सरकार गिर्ने, गिराउने सम्मका प्रयास निरन्तर चलिरहनु नै संघीयता असफल हुनुको अर्को विशेषता हो ।***

एमाले र माओवादीकाबीच एकता भइ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सिंगो संगठन बनेदेखि नै बेलाबेलामा एमाले धार र माओवादी धारका वरिष्ठ र कनिष्ठ नेताकाबीच पदीय भागवण्डालाई लिएर विवाद बढ्दै जानु नेपाली राजनीतिमा दुर्भाग्यपूर्ण छ । दुबै पार्टीका एकीकरण सम्बन्धी विवाद उत्पन्न भएकाले नेकपाको नेतृत्व तह छट्पटाएको छ । पदका आकांक्षीहरु धरै निस्केकाले केपी ओली र प्रचण्डका लागि यो विषय टाउको दुखाइको पर्याय बनेको छ । पार्टीका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाल, माधव नेपाल, रक्षामन्त्री ईश्वर पोखरेल, पार्टीका युवा नेता घनश्याम भूषाल र माओवादी धारका नेता नारायणकाजी श्रेष्ठकाबीच स्कुल विभागमा रस्साकस्सी चलेपछि नेतृत्व वर्गको निदहराम भएको हो । एमाले धारभित्रकै नेताहरु स्कुल वभाग हात पार्ने नियतले एक अर्काका विरुद्ध उत्रिएपछि कालान्तरमा उक्त पार्टी एक भएर जान्छ भन्नेमै शंका उत्पन्न भएको छ । साथै माओवादी धारका नेता कार्यकर्ता पनि पार्टीको स्थानीय तहदेखि जिल्ला, प्रदेश र केन्द्र सम्मको संगठन विस्तारको अभियानमा कुनै न कुनै कारणबाट असन्तुष्ट रहेको र नेतृत्व वर्गसँग खबरदारी गर्दै गरेको अहिलेको ज्वलन्त उदाहरण बनेको छ ।

एकीकृत नेकपाको हरेक तह र तप्कामा आफ्ना मान्छे खोज्ने र भर्ना गर्ने अभियान जारी रहिरह्यो भने जनतामा एकताको सन्देश जाँदैन । बरु यस्तै प्रबृत्तिका कारण सिंगो कम्युनिष्ट पार्टीभित्र निकट भविष्यमै ठुलो विचलन आउन सक्ने र यसको परिणाम स्वरुप नेपाली राजनीतिमा ठुलै खैलाबैला पर्न सक्ने संभावनाहरुलाई पनि इन्कार गर्न सकिँदैन । जहाँसम्म सरकारको कुरा छ, आन्तरिक खैला बैलाका कारण केपी ओलीको सरकार अप्ठेरोमा पर्ने संभावना पनि त्यत्तिकै प्रबल बन्दै जाने छ । ओली सरकारको दिनगन्ती शुरु हुनासाथ लोकतान्त्रिक गणतन्त्रको मूल्य मान्यतामा आघात पार्ने किसिमका अनगिन्ति खेलहरु शुरु हुनेछन् । कम्युनिष्ठ पार्टीको एकीकरण प्रक्रिया भताभुङ्ग हुनु र यसैको प्रभावबाट सरकार गिर्ने, गिराउने सम्मका प्रयास निरन्तर चलिरहनु नै संघीयता असफल हुनुको अर्को विशेषता हो ।

कम्युनिष्ट पार्टी र त्यसको सहयोगमा बनेको सरकारको असफलताको फाइदा अरु कसैले लिन सक्ने संभावना पनि छैन प्रतिपक्षमा रहेको काँग्रेसको हातमा सरकारी लड्डु बर्षने संभावना वर्तमानको राजनीतिक परिदृष्यले देलाजस्तो देखिँदैन । किनकी यतिखेरको राजनीतिक परिदृष्य भित्र राष्ट्रिय अन्तर्राष्ट्रिय तवरबाट सिर्जित खतरनाक जासुसी संयन्त्र लुकेर बसेका छन् । त्यसैले काँग्रेस कम्युनिष्टको विकल्प बन्ने संभावना देखिँदैन । "सबैले मिलेर काम गर्ने या सबै एकैचोटी जाने" भन्ने मै अहिलेको राजनीतकि परिदृष्य अगाडि बढिरहेकोले नेपाली काँग्रेस र कम्युनिष्टको विकल्प बन्न सक्दैन भन्न खोजिएको हो ।

त्यसकारण पुष्पकमल दाहाल ( प्रचण्ड)ले भनेझैं लोकतन्त्र, गणतन्त्र र संघीयता लगायतका सारा उपलब्धीहरुको रक्षा गर्नका लागि एकीकृत कम्युनिष्ट पार्टीलाई विवादविहीन बनाउने, सरकारी काम कारवाही प्रति पार्टीले सकारात्मक सोच बनाई अघि बढ्ने र दुबै अध्यक्षवीच चलेको मनमुटावलाई (जिरोमा झार्ने) भेट्ने र कार्यकर्ता, नेताका वीच एकरुपता कायम गर्न सकेको खण्डमा उपलब्धी (?) गुम्ने खतरालाई केही बर्षका लागि टार्न सकिने संभावना रहन्छ । नत्र भने पार्टीका हाँगा विँगाका सानातिना पदमा विवाद झिकेर रुमल्लिने हो भने प्रचण्डले भनेझैं प्राप्त उपलब्धी गुम्न कत्ति पनि बेर लाग्दैन ।

एकीकृत कम्युनिष्ट पार्टीभित्र रहेको यस्तो गन्जागोलको परिदृष्य सरकारभित्र पनि रहेकोले प्रधानमन्त्री केपी ओलीले आफूले बोलेका कुराहरु हुबहु लागु गर्न सक्नुपर्नेछ । जनतालाई सधैंभरी ललिपप देखाउँदै र उखान टुक्का हाल्दै मुलुकको अस्मिता माथि खेलवाड गर्न नैतिकताले दिँदैन । यिनै विषयलाई मध्यनजर गर्दै पार्टी र सरकारलाई एक ढिक्कामा कस्दै अगाडि बढ्ने हो भने संभावित दुर्घटनाबाट पार पाउन सकिएला । सधैंभरी विवादै विवादमा अल्झिरहँदा दुर्भाग्य बाहेक केही हात लाग्ने वाला छैन ।

# प्राकृतिक प्रकोपको क्षति न्यूनीकरणमा अनुद्धार सरकार

**– संगीता रेग्मी**

केही दिनदेखिको अविरल वर्षाका कारण प्रदेश २ मा चार दर्जनभन्दा बढीले ज्यान गुमाए भने विभिन्न स्थानहरू डुवानमा परे । त्यस्तै ७ वटा क्षेत्र प्रभावित रहेका छन् भने १ लाख १८ हजार १ सय ४ वटा घर प्रभावित भएका छन् । प्रभावित हुने घरसंख्या १३ हजार ४४ रहेका छन् भने ६ लाख ७९ हजार ३ सय १५ जना बाढीबाट प्रत्यक्ष प्रभावित भएका छन् । त्यस्तै ३ हजार ५ सय ७४ घर पूर्णरूपमा क्षति भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । यसपटक प्रदेश २ मा बाढीले मनसुनको सुरूवातमै वितण्ढा मच्चाएको छ । मनसुन अहिले जारी नै छ र आउने दिनमा बाढीको प्रकोप झन् बढेर गएको छ । मनसुनकै सुरूमै देशले भोगेको यो पीडाबाट अहिले पनि प्रदेश सरकारहरूले पाठ सिक्न सकेको छैन । बाढी अघिको पूर्वतयारीका बारेमा प्रदेश २ को सरकार अनभिज्ञ होला मान्न सकिदैन तर पनि उसको पूर्वतयारी तर्फ ध्यान जान सकेन ।

आफनै प्रदेशका जनताहरू डुबानमा पर्न सक्ने विषयमा प्रदेश सरकार के गरेर बस्यो ? किन उसले बाढी आउनु अघि पूर्वतयारीका लागि सक्रियता देखाएन भन्ने जस्ता गम्भीर प्रश्नहरू प्रदेश २ का मुख्यमन्त्रीसमक्ष तेर्सिएको छ । यस्तै गम्भीर प्रश्न मधेशी नेताहरूमाथि पनि उठेको छ । मधेश डुबानमा परेका बेला सिंहदरबारको बैठकमा रमाउने मधेशी नेताहरू डुबानको समस्या कम हुँदै गएको जानकारी पाएपछि मात्र जम्बो टोलीमार्फत 'हवाई निरीक्षण'लाई आफनो उपलब्धी ठानेका छन् । आफ्ना मतदाता डुबानमा पर्दा मधेशी नेताले राहत त परै जाओस् दुःखसमेत व्यक्त गरेका छैनन् । राजपा र समाजवादी पार्टीको आकस्मिक बैठक किन बसेन ? उसले राहत, उद्धार र पुनर्स्थापनाका लागि प्रदेश र केन्द्र सरकारसँग किन माग गर्न सकेको छैन । अविरल वर्षाले मधेशका भएको क्षतिको अनुगनमका लागि भन्दै मन्त्री र नेताहरूको टोली 'मर्निङ वाक'मा गए जस्तो हतार-हतार फर्किए । उनीहरूलाई त्यहाँका गइदिएर आफ्नो जिम्मेवारी पूरा भएको सम्झिएर काठमाडौं फर्किए ।

बाढी प्रभावितको अवस्था बुझ्न तथा अनुगमनका लागि भन्दै 'हवाई निरीक्षण' मा पुगेको टोलीमा पूर्वप्रधानमन्त्री माधव नेपाल, उपप्रधानमन्त्री यादव, गृहमन्त्री र ामबहादुर थापा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, ऊर्जा तथा जलस्रोतमन्त्री वर्षमान पुनलगायत थिए । पीडितहरू काठमाडौंबाट आएको उच्चस्तरीय सरकारी प्रतिनिधिमण्डसँग भेटेर आफ्नो पीडा सुनाउन चाहन्थे । तर, आश्वासन बाँड्नेबाहेक उनीहरूले केही पनि गर ेनन् । यसले पीडितहरूको मन दुखाउने काम मात्र गऱ्यो । यसबाहेक स्थानीय स्तरबाट पनि पीडितले राहतका नाममा चाउचाउ, बिस्कुट र पालबाहेक अरू केही पाएका छैनन् । पीडितका कुरै नसुनी, दुःखै नबुझी निरीक्षणको गर्नु भनेको जनताको घाउमा मलम लगाउनु होइन ।

विपद् सुरू भएपछि मात्र प्रदेश सरकारले बाढी तथा डुबान प्रभावित क्षेत्रमा बासिन्दाका लागि राहत तथा उद्धारमा सक्रिय भएको छ । तर पनि राहतको काम प्रभावकारी हुन सकिर हेको छैन । वर्षका ११ महिना निदाएको प्रदेश सरकार भर्खर ब्युँझिएको छ । प्रदेश सरकारसँग पनि बाढी तथा डुबान पीडितका लागि ठोस पुनःस्थापनाका कार्यक्रमहरू छैनन् । यसका लागि न कुनै स्थायी प्रकृतिको निकाय छ, न त भएका निकायहरूमा नै कुनै अधिकार प्रत्योजित नै गरिएको छ । तत्काललाई टालटुले ढंगले केही रकमको राहत बाँडेर सरकारले आफ्नो दायित्व पूरा गरिरहेको छ । वास्तवमा प्राकृतिक प्रकोपको तत्काल उद्धार र पुनःस्थापनामा स्थानीय र प्रदेश सकार ले मुख्य भूमिका निर्वाह गर्नुपर्छ । तर, विडम्बना स्थानीय र प्रदेशका जनप्रतिनिधिले पनि आफ्नो भूमिका निर्वाह गर्नुभन्दा केन्द्रको मुख ताकिर हेको देखिएको छ ।

संविधानप्रदत्त अधिकारसमेत पाएर स्थानीय र प्रदेश सरकारले काम थाल्नासाथ यसै वर्ष आइपरेको प्राकृतिक विपद्मा अब कसरी काम गर्ने भन्ने आधार पनि दिएको छ । तत्कालीन उद्धार र नाममात्रको राहत बाँडेपछि प्राकृतिक प्रकोप पीडितका लागि आफ्नो दायित्व पूरा भएको भन्ने गलत मनोवृत्ति हाबी छ । जबकि प्रकोपपीडितलाई उनीहरूको जीविकोपार्जनका लागिसमेत उपयुक्त ढंगले पुनःस्थापना गर्ने काम पहिलो दायित्वभित्र हुनुपर्छ । प्रदेश र स्थानीय सरकारले कम्तीमा यसलाई टेकेर आफ्नो अधिकार र दायित्वअनुसार को कार्य अघि बढाउने हो भने आउँदो वर्षदेखि प्रकोपबाट हुने क्षति कम गर्न सकिन्छ । मधेशका ठूला नदी र बर्खे खोलामा बाढी आएपछि करीब दुईतिहाई जनसंख्या कष्टकर दैनिकी झेल्न बाध्य छन् । शहरी क्षेत्रमा नै अव्यवस्थित रूपमा निर्माण गरिएका घर तथा भवनका कारण बाढीको वितण्डालाई थप बल पुगेको छ ।

बाढीको कारण अहिले भारतलाई दिइँदै छ । तर, यसको वास्तविक कारण पछिल्लो दश वर्षमा मधेशको भूभागमा कति घर थपिए र कसरी बनाइए? यो नै बाढीको मुख्य कारक हो ।

यता, बाढी प्रभावित क्षेत्रका नागरिकको स्वास्थ्य उपचारको लागि यूनिसेफको सहयोगमा झण्डै १० हजार नागरिकलाई पुग्ने आवश्यक औषधी पठाइएको छ । यो औषधी रौतहट, सर्लाही र सिरहा क्षेत्रको लागि पठाइएको हो । बाढी प्रभावित क्षेत्रमा झाडापखाला, सर्पदंश ,रूघाखोकी, ज्वाँरो, डेङगूको लागि आवश्यक औषधीहरू रहेका छन् ।

*(मधेश दर्पण फिचर सेवा)*

# गरिब पहिचान जनताको घरदैलोबाट गरिन्छ: मन्त्री अर्याल

स्याङ्जा । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले जनताको घरदैलोमा पुगेर नै गरिबीको पहिचान गरिने बताउनुभएको छ ।

नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब घरपरिवार तथा वितरण अन्तर्गत दोस्रो चरणको कार्यक्रमको सुभारम्भ गर्दै मन्त्री अर्यालले खास गरिबीको पहिचान जनताको घरदैलोमा नै पुगेर गरिने बताउनुभएको हो ।

'कुनै चौतारोमा बसेर होइन जनताको घरदैलोमा नै पुगेर गरिब पहिचान गरिन्छ । केही साथीहरूले खास गरिबको पहिचान नहुने हो कि भनेर चिन्ता व्यक्त गर्नुभएको छ', मन्त्री अर्यालले भन्नुभयो, 'म स्पष्ट पार्न चाहान्छु, हाम्रो सर्वेक्षण टोलीले खास गरिब पहिचान गर्नुहुनेछ, कसैले चिन्ता नलिनुहोला । प्रविधिबाट गरिबको पहिचान गर्छौं, कसैले ढाट्न मिल्दैन । जनताको जीवनस्तर माथि उठाउन यसले विशेष सहयोग गर्नेछ।'

गरिबको डाटा संकलन भइसकेपछि जनताको जीवनस्तर माथि उठाउन गरिब लक्षित कार्यक्रम ल्याउने मन्त्री अर्यालले बताउनुभयो । 'डाटा संकलन भइसकेपछि उनीहरूको जीवनस्तर माथि उठाउन विशेष कार्यक्रम ल्याउछु । तपाईंहरू नआत्तिनुहोला', उहाँले भन्नुभयो ।

मन्त्री अर्यालले ३ वर्षभित्र गरिब शुन्य बनाउने लक्ष्यसहित सरकार अगाडि बढिरहेको बताउनुभयो । आगामी असोजबाट स्याङ्जामा डिजिटल नापी संचालन हुने जानकारी उहाँले दिनुभयो ।

**दोस्रो चरणको गरिब पहिचान स्याङ्जाबाट शुभारम्भ**

गरिब परिवार पहिचान परिचयपत्र अन्तर्गत दोस्रो चरणको कार्यक्रम स्याङ्जाबाट शुभारम्भ गरिएको छ । शुक्रबार एक कार्यक्रमकाबीच नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब घरपरिवार तथा परिचयपत्र वितरण अन्तर्गत दोस्रो चरणको कार्यक्रम स्याङ्जाबाट शुभारम्भ गरिएको हो ।

गरिबीको रेखामुनि रहेकालाई पहिचान गरि ति समुहलाई विशेष कार्यक्रम ल्याउने उदेश्यका साथ उक्त कार्यक्रमको शुभारम्भ भएको हो । दोस्रो चरण अन्तर्गत ताप्लेजुङ, धनकुटा, महोत्तरी, काभ्रे, रसुवा स्याङ्जालागयत १२ वटा जिल्लामा गरिब पहिचान शुक्रबारदेखि भएको छ ।

गरिब पहिचान भइसकेपछि गरिबीका रेखामुनि रहेकालाई परिचपत्र वितरण हुनेछ । यसअघि शुभारम्भ भएको पहिलो चरणको कार्यक्रम अन्तर्गत २६ वटा जिल्लामा गरिब पहिचान गरि परिचयपत्र वितरणका लागि स्थानीय तहहरूको समन्वय भइरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक


# सरकारी संयन्त्रमा रहेको संस्थामा चेन अफ कमाण्ड हुनुपर्‍यो

**डा. सुनिल आचार्य प्रगति अस्पताल चितवन प्रा.लि. भरतपुरमा कार्यरत हुनुहुन्छ । सरकारी चिकित्सक संघ नेपालको फाउण्डर प्रेसिडेन्ट समेत रहनु भएका डा. आचार्यले एम.वि.वि.एस., एम.डी. गरिसक्नु भएको छ । चिकित्सा क्षेत्रमा लामो अनुभव सम्हाल्नु भएका डा. आचार्यसँग जन आकाश मिडिया प्रा.लि.का तर्फबाट पत्रकार मोहन पोखरेलले गरेको विशेष संवाद यहाँ प्रस्तुत गरिएको छ ।**

**० डा. आचार्य, तपाइको बाल्यकाल र प्रारम्भिक शिक्षा बारे केही बताइदिनु होस् न ?**

मेरो जन्म गोरखा जिल्ला छिपिटोलमा भएको हो । मेरो प्रारम्भिक शिक्षा गोरखाकै कन्या स्कुलबाट शुरु हुँदै MBBS रंगपुर मेडिकल कलेज बंगलादेश एवं NAMS को छात्रवृत्तिमा Obstetrics and Iiynoecology मा MD गरी समाप्त भयो ।

**० चिकित्सा क्षेत्रमा प्रवेश गरेपछि कस्तो अनुभव गर्नु भएको छ ? सन्तुष्ट असुन्तुष्ट के हुनुहुन्छ ?**

चिकित्सा क्षेत्र यस्तो पेशा हो, हेर्नुस् । यसमा मोडिएपछि सेवाग्राहीले प्रत्यक्ष खुसी भएको अनुभव लिनुपर्ने हुन्छ । त्यसैले यस पेशामा आफ्नो Knowledge हुनुका साथै सुन्न सक्ने, समय दिन सक्ने र अवस्था अनुसार विरामीको सेवा गर्ने एवं झण्झट नमानी बीचबीचको समयमा समेत सेवा दिनुपर्ने देखिन्छ ।

**० भविष्यमा कस्तो योजना बनाउनु भएको छ ?**

भविष्य के कस्तो हुने, देशको अवस्था नै गए गुज्रेको छ । यस्ता परिप्रक्ष्यमा दीघकालिन सोच बनाउन सक्ने अवस्था देखिएको छैन । नियमितता वा सिँढी जस्तो यता, यो होला, यस्तो होला भन्ने अवस्था नभएको प्रसंगमा के गर्ने ? अनिश्चितताले भरिएको छ । तर पनि भविष्यमा केही अकल्पनीय परिवर्तन त होला नि भन्ने आशाले दुईचार जनालाई रोजगार दिन एवं नेपाल सरकारको तलब मात्रै खाएर बस्न भन्दा स्वावलम्बी हुने उद्देश्यले जानी एवं गरी आएको पेशालाई समेट्दै सानो स्वास्थ्य संस्था चलाउने योजना छ ।

**० जीवनमा घटेका राम्रा र नराम्रा पक्ष के के हुन् ?**

जिन्दगीको रथ भनेकै सिक्दै जाने, बुझ्दै जाने र मनन् गर्दै जाने रहेछ । जिन्दगीका कति मोड खुसीमा बिते । त्यसको गन्ती भएको छैन । बेखुसीमा पनि बिते होलान्, यो एउटा विसाउने थलो हो । सधैं खुसी र सधैं दुःखी रहिँदैन । दुःख परेमा सुखको दिन पनि आउँछ, सुख भएमा द्ुःख पर्ला कि भनेर छचल्किएको छहरा हैन, नदी जस्तै बग्नुपर्ने कुरा मनमा राखेको हुनाले सुख दुःख आआफ्ना पर्यावाची हुन् भन्ने कुराको आत्ममनन् गरेको छु ।

**० जनमैत्री अस्पताल बारे आफ्ना धारणा स्पष्ट पार्नुहोस् न ?**

हेर्नुस् राजनीति भनेको राज्यको नीति बनाउने, सबैलाई एउटै दृष्टिकोणले हेर्ने, एवं सेवा सुविधा, सजाय बराबर र भोग, नीति समान हुनुपर्ने हो, तर किन भएको छैन । त्यस्तै जनमैत्री अस्पतालको सेवा सुविधा पनि धेरै अध्ययन गरी कर्मचारी, सेवाग्राहीलाई उच्चस्तरीय सेवा दिने काम हो । तर गर्न सकेमा अध्ययन पश्चात कार्यान्वयनमा आएमा त केही हुने थिएन र चाहिएको पनि हो । देशको अवस्था त हेर्नुस् ! नेपाल एयरलायन्स घाटै घाटामा, चिया खाने ठाउँ देखि मन्त्री मण्डललगायत सबै ठाउँमा त्यसकै चर्चा, जसै गरी जनमैत्री अस्पताल लहडमा चलाउने कुरा होइन । विभिन्न अध्ययन, सामाजिक अवस्था, देशको आर्थिक भार र अन्य श्रोत हेरी जनमैत्री अस्पताल संचालन गर्न ठिक हुन्छ होला । मेडिकल कलेज खोलेको जस्तो प्राध्यापकको कमी सबै पक्षको बुझाइको कमी, एवं दोहोरो अध्ययनरत विद्यार्थीका साथै बिरामीलाई चपेटामा पारी संचालन गर्नु हुँदैन । जनमैत्री अस्पताल नाम मात्रको नभई काम दिने अस्पताल सम्झनु पर्दछ । तर गरिब वस्तीमा गएर विहान यी-यी विदेशी नास्ता खानु, दिउँसो यी-यी चिज खानु नभनी सो ठाउँमा के के सुविधा उपलब्ध गराउन सकिन्छ सोको व्यवस्था उपलब्ध सबैलाई मैत्री हुने गरी संचालन गर्न गराउन उचित हुनेछ ।

र, यो संस्थामा कार्य गर्ने व्यक्ति भड्किएर आर्थिक कारणले अर्को संस्थामा काम गर्न नपरोस् । उसले सबै समय सेवाग्राहीमा समर्पित गर्न सकोस् । मतलब त्यसमा जोडिएका व्यक्ति सबै खुसी, सेवा प्रदायक र सेवाग्राही हुनुपर्दछ ।

**० त्यसो भए सरकारले स्वास्थ्य क्षेत्रलाई कसरी लैजाँदा राम्रो देखिन्छ ?**

सरकारले १५/२० वर्ष योजना सार्वजनिक गर्नुपर्‍यो । सरकारी संरचनामा रहेको संस्थामा चेन अफ कमाण्ड हुनुपर्‍यो । Public Health Averejen देखि व्यक्तिगत सर्ने रोग र नसर्ने रोगको बारेमा वर्गीकरण गरी सबै रोगको लागि देशभर रोग उत्पन्न हुनै नदिई कार्यान्वयन गर्न तिर लाग्नुपर्‍यो । यस कामका लागि स्वास्थ्य ऐन, नियमावली लागु गर्न तिर ध्यान दिनुपर्यो । मानिसको स्वास्थ्यसँग जडित बसै व्यक्ति समुदायलाई एउटै छाता अन्तर्गत देशको विकासमा लाग्न पहल गर्नुपर्यो । पौष्टिक तत्व खाने सन्देश कुनाकुनामा पुर्‍याउनु पर्यो । प्रत्येक टोलटोलमा स्वास्थ्य सेवा पुग्नुपर्यो । कुनै ठाउँबाट आएका राम्रा सन्देशलाई फिजाउन सक्नुपर्यो । नसर्ने रोगको कारण र व्यवस्थापनमा विकसित राष्ट्रका संस्थाबाट सल्लाह, सुझाव एवं नियमित शिक्षा लिने काम तुरुन्त पहल गर्नुपर्यो । स्वास्थ्य सेवा प्रदायक कति चाहिएको, यस देशमा खपत कति हुने सबै बाहिरी देशमा कति पठाउन सक्ने शुरुमा अध्ययन गरी काम गर्नुपर्यो । यसो गर्दा सेवा प्रदायकले आफ्नो अध्ययन, अध्यापन राम्रोसँग गर्ने देखिएकाले यथार्थ र चाँडो किसिमबाट अँगीकार गर्नुपर्‍यो ।

**० डाक्टर, अस्पताल र बिरामीकाबीच हुने पारस्परिक सम्बन्धका बारे के के विषयको जरुरत पर्दछ ?**

हेर्नुस सेवा प्रदायक कस्तो सरकारले निकालेको भन्ने कुराले ठुलो असर गर्दछ । त्यसैले चाहिएको सेवा प्रदायक निकाल्नु पर्यो । अत्याधिक निकाल्दा के हुने रहेछ भन्ने अहिलेसम्म देखिहालियो । सेवा प्रदायक भन्नाले अस्पतालमा काम गर्ने सबै पर्दछन् । डाक्टर, नर्स र सबै प्राविधिकले कहाँ कति के काम गर्ने एवं कस्ता संस्थामा काम गर्ने गरी भर्ति गराउनु पर्यो । अस्पतालको हकमा नसर्ने रोगका लागि Cobvet अनुसार विस्तारै स्तरोन्नती गर्दै जानु पर्दछ । बिरामीका हकमा एक व्यक्ति, त्यहाँ छिरेपछि उसले कुनै कुरुवा खोज्न नपरोस् भन्ने अवस्थाको वातावरण बनाउनु पर्दछ । यी सबै सेवा जोडिएको राज्य नीति हो । कर्णाली प्रदेशलाई सरकारले जिम्मा लिएर जडीबुटी उत्पादन मात्रै गर्दा के हुन्छ ? रातारात देशको कायाँपलट हुन्छ । धेरै ठाउँमा Government Private Partnership मा जस्तै पोखरा, चितवन, मुस्ताङ र सोलुमा २०० भन्दा बढी पाँचतारे होटल खोल्दा के हुन्छ ? त्यसमा सबै व्यस्त हुन्छन् । त्यस्तै पहाडी जिल्ला जहाँ कम जनसंख्या र त्यस स्थानबाट सम्पूर्ण व्यक्तिलाई स्थानान्तरण गरी सरकारले Public Private Partnership मा कृषि सेवा संचालन गरी देशलाई स्वावलम्बन बनाउन सके के हुन्छ ? त्यस्तो गहिराइमा नगई सेवाग्राही सबै सेवा प्रदायकमा व्यस्त दिगो सेवा गर्ने राज्य नीति बनाउनुपर्‍यो । अहिले भएको कोलाहल राज्यको नीतिसँग जोडिएको छ । त्यसैले आर्थिक स्तर कसरी उठाउने प्रत्येक घरधुरीबाट आचल सम्पत्ति राज्यको नीति आएमा संकलन समेत गरी देशले केही महिना, वर्षमा नै विकास गर्ने देखिन्छ ।



**डा. सुनिल आचार्य**
**अध्यक्ष, सरकारी चिकित्सक संघ तथा**
**डा. एमबीबीएस, एमडी**

**० सरकारले स्वास्थ्य क्षेत्रलाई कसरी हेरेको छ ? तपाइको अनुभव के छ ?**

हेर्नुस, यो सरकारको कुनै नीति नै छैन । देशको सम्पूर्ण काम एकैपटक शुरु हुनु पर्दछ । २५०० तिर्ने किसिमको स्वास्थ्य सेवा जुन किसिमले आयो यो नै हचुवा प्रबृत्तिको छ ।

एउटा पाटोलाई मात्र हेरेर, गरेर सम्भव नै हुँदैन । सबै चिज एकै पटक आउनुपर्यो । पहाडमा वस्ती उजाडियो राज्यको नीतिले गर्दा । कुन ठाउँमा के गर्ने भन्ने सरकारको काम आयात निर्यात, उब्जनी, विदेशी पर्यटक भित्र्याउने, कसरी देशको उन्नति हुन्छ त्यसमा लाग्नुपर्यो । सरकारले चाहेमा आर्थिक संकलन त हुन्छ । उदाहरणको रुपमा भएको सुन, तामा, पित्तल मात्र शेयरमा कन्भर्ट गरी लगानीको ग्यारेन्टीमा सरकार बस्दिएमा के गर्न सकिँदैन ? त्यसैले यो एउटा अस्पतालमा सेवाकर्मी र सेवाग्राहीले सेवाको कुरा रहेन । यो सम्पूर्ण ठाउँ एवम् देशभित्रै राज्यको नीति जनता उत्साहित हुने रुपमा आएमा स्वतः सम्पूर्ण कुरामा उपलब्धी पाउने देखेको छु । नत्र एउटा तान्दा अर्को हुन्छ । समग्रमा भन्नुपर्दा जिम्मा दिने र सरकारले कडाई गर्नुपर्ने टड्कारो देखेको छु ।

**नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरुरी सूचना**

विगत केही दिन देखि मोबाइल सेवाका BTS टावरहरुमा क्षती पुर्‍याई सेवा अवरूद्ध गर्ने कार्य प्रति यस प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ । दूरसञ्चार सेवा हाल अत्यावश्यक सेवाको रूपमा स्थापित भैसकेको अवस्थामा यसरी सेवा बन्द हुँदा त्यसको प्रत्यक्ष असर आम नेपाली उपभोक्ताहरूमा पर्ने हुन्छ । तसर्थ नेपाली जनतासँग प्रत्यक्ष सरोकार राख्ने दूरसञ्चार सेवाको पूर्वाधारमा क्षती नपुर्‍याउन र त्यस्तो कार्य तत्काल बन्द गरी निर्वाध रूपमा दूरसञ्चार सेवा सञ्चालन गर्ने वातावरण बनाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
कमलादि, काठमाडौ
फोन नं. : +९७७-१-४२५४६८१
फ्याक्स नं. : +९७७-१-४२५५२५०
पो. ब. नं. : ९७५४
ई-मेल : ntra@nta.gov.np
वेभसाइट : www.nta.gov.np

# संवाद कुञ्जमा 'उप'का बिलौना

काभ्रेपलाञ्चोक । जिल्ला समन्वय समितिका उपसंयोजक मञ्जु गौतमलाई स्थानीय तहका केही जनप्रतिनिधि र कर्मचारीको व्यवहार मन पर्दैन । किन भने, उहाँसँग 'उप'भनेपछि हेप्ने र आफूलाई नगन्य व्यक्ति हो भनेर हल्कारुपमा लिएको थुप्रै अनुभव छन् तर पाँच वर्षको अवधिमा आफ्नो कामको मूल्याङ्कन राम्रो होस् भन्ने चाहना उहाँमा जीवितै छ ।

जिल्ला अनुगमन समिति काभ्रेपलाञ्चोकको उपसंयोजकसमेत रहनुभएका मञ्जुलाई सार्वजनिक जिम्मेवारीसँगै घरको पनि अत्यन्तै चिन्ता छ । उहाँ भन्नुहुन्छ, "पुरुषलाई राजनीतिको मात्रै चिन्ता छ, हामीलाई घर समेतको ।" आफू निर्वाचित स्थानीय तह पाँचखाल नगरपालिकाले भने कुनै पनि योजनागत कार्यक्रममा नबोलाएको उहाँले पटकपटक गुनासो गर्नुभयो । उहाँ भन्नुहुन्छ, "अहिलेका वडाध्यक्षले त गन्दैनन्, नगरका ठूलाठालुका त के कुरा !"

बनेपास्थित संवाद कुञ्जमा उपसंयोजक गौतमले स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षलाई नौवटा समितिमा एकल अधिकार पाएकाले अन्य जनप्रतिनिधिबाट हेपिएर नबस्न सुझाव दिनुभयो । "मसँग यहाँका धेरै उपप्रमुख/उपाध्यक्षले आफ्ना एकल अधिकारका समितिमा स्वतन्त्र रुपमा काम गर्न नपाएको गुनासो गरेका छन्, यो राम्रो होइन, तपाईहरूले पनि अधिकारमा हस्तक्षेप हुन नदिन हिम्मत राख्नुपर्दछ", उहाँको सुझाव थियो ।

धुलिखेल नगरपालिकाका उपप्रमुख विमला शर्मालाई अहिले घरदेखि कार्यस्थलसम्मका दुःखेसा पोख्ने साझा चौतारी चाहिएको छ । "संवाद कुञ्जले अहिले एक पटकमात्र हैन, बरु प्रत्येक महीना यहाँ बोलाइदिनोस्, मनका वह पोख्छौं, अन्य स्थानीयतहका उपप्रमुख/उपाध्यक्षका अनुभव पनि सुन्छौं", उहाँले इच्छा व्यक्त गर्नुभयो । न्यायिक समितिको अध्यक्षसमेत रहेकाले कोही असहाय महिला आउँदा उनलाई आर्थिक सहयोग गर्न नपाउँदा शर्माको मन निकै दुख्ने गर्छ । भन्नुहुन्छ, "सहयोग तथा अन्य योजनाका लागि पीडितको हात समातेर प्रमुखकोमा लैजानुपर्छ, बिडम्वना, बजेट प्रस्तुत गर्ने नै हामी, हामी नै त्यसबाट वञ्चित ।" घरबाट बाहिर गाडीमा निस्कँदा छिमेकीले हेर्ने दृष्टिकोणमा निकै नकारात्मक सोच बढ्दै गएको आफूले पाएको उहाँको दुःखेसो छ । "हामी बिहान घरको काम सकेर काममा निस्कँदा छिमेकी ओठ लेपार्छन्, दैनिक पाँच/छ वटा विभिन्न विवाद समाधान त कहिले योजना अनुगमनमै दिन बित्छन्, तर पनि अनवरत आफ्नो जिम्मेवारी पूरा गर्दै आएका छौं, हामीजस्ता न्यायमूर्तिमाथि समाजको किन फरक दृष्टिकोण ?" उहाँले प्रश्न गर्नुभयो ।

बनेपा नगरपालिकाका उपप्रमुख रेखा दाहाललाई भने नगरका योजना कार्यान्वयन गराउँदा दक्ष जनशक्तिको अभावमा कार्य सम्पादन गर्न मुस्किल पर्दै आएको छ । उहाँ भन्नुहुन्छ, "केही वडाबाट छनोट भएका योजनालाई समावेशीकरण नगर्दा यस्ता समस्या निकै झेल्नुपरेको छ ।" मण्डनदेउपुर नपाका उपप्रमुख निर्मला शाहीले त आफूमाथि केही कर्मचारीबाट अपशब्द बोल्दै मनोवैज्ञानिक हिंसा नै भएको बताउनुभयो । "मैले मुद्दा हाल्छु भनेपछि डराएर उनले अब आइन्दा यस्तो हुन्नँ भनेर माफी मागे", उहाँले घटना सुनाउनुभयो । उहाँले नपामा 'उप-चुप्प' जस्तै भएको दुःखेसो पोख्दै उपप्रमुख/उपाध्यक्षलाई बजेटमा अधिकारको आवश्यकता रहेको बताउनुभयो ।

पाँचखाल नपाका उपप्रमुख लक्ष्मी दनुवारलाई कामकारवाही 'पारदर्शी' नहुने भन्ने चिन्ताले ग्रस्त बनाएको छ । भन्नुहुन्छ, "कतिपय योजनामा प्रविधिक र उपभोक्ता समितिको मिलेमतो पाइयो, प्राविधिकलाई पनि हेर्ने अर्को सिनियर व्यक्ति चाहिएको छ ।" प्रदेशको बजेट कुन योजनामा खर्च भएको छ जनप्रतिनिधिलाई जानकारी नहुँदा पनि भुक्तानी दिनुपर्ने बाध्यता रहेको उहाँले सुनाउनुभयो । उहाँ भन्नुहुन्छ, "नगरका विवाद मिलाउँदा, यस्ताले मिलाएको के होला र ! भन्दै ब्यङ्ग्य गर्छन् ।" प्राविधिक र कर्मचारीले जनप्रतिनिधिलाई असफल बनाउन लागेको आरोप उहाँको छ ।

खानीखोला गाउँपालिकाका उपाध्यक्ष रुक्मणि गुरुङलाई पालिकाले बनाएको कार्यविधिअनुसार काम नभएकोमा निकै असन्तुष्टि छ । "योजना बाँडफाँटमा मेरो सहभागिता जनाइदैन, पूर्वाधार भन्दै सबै क्षेत्रको बजेट सडकमै राखिन्छ, जवाफमा महिला पनि सडकमै हिँड्ने हो भन्दै पेलिन्छ", उहाँले दुःखेसो पोख्नुभयो । योजना अनुगमनमा अन्य जनप्रतिनिधिको हस्तक्षेप पनि उहाँलाई सह्य देखिन्न ।

तेमाल गाउँपालिकाका उपाध्यक्ष दुर्गामाया तामाङ न्यायसम्पादनमा राजनीतिक दवावले काम गर्न मुस्किल भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "दुवै पक्षलाई 'वीन्वीन' बनाउन खोज्दा राजनीतिक हस्तक्षेपले जनतालाई विभाजित गरिन्छ, यो कदापि राम्रो पक्ष हैन ।"

रोशी गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी बर्तौलालाई पालिकामा कानूनी सल्लाहकार नहुँदा साँध-सँधियारको विवाद मिलाउन निकै हम्मेहम्मे पर्दै आएको छ । उहाँले भन्नुभयो, "अन्य तहका के कस्तो छ, म उहाँहरूको अनुभव सिक्न चाहन्छु, संवाद कुञ्जको बिलौनापछि मेरो पालिकाका अन्य जनप्रतिनिधिको चेत खुल्छ कि !"

# मनसुन पुनः सक्रिय हुँदा भारी वर्षाको सम्भावना

कानठमाडौं । केही दिनदेखि कमजोर रहेको मनसुन हिजोदेखि पुनःसक्रिय भएको छ । मनसुनी न्यून चापीय रेखा औसत स्थानभन्दा केही उत्तरतिर (नेपाल तर्फ) सरेकाले भारी वर्षा हुनसक्ने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् वरुण पौडेले बताउनुभयो ।

हाल देशभर सामान्य तथा पूर्ण बदली हुनाका साथै तराईका धेरैजसो स्थानमा मेघ गर्जनसहित वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।। महाशाखाको पछिल्लो विवरण अनुसार हिजो काठमाडौंमा १० दशमलव ० मिलिमिटर वर्षा भएको छ भने पोखरामा ५४ दशमलव ०, दाङमा ३२ दशमलव०, सिमरामा ६७ दशमलव ०, नेपालगञ्जमा २७ दशमलव ०, धनगडीमा ४२ दशमलव ० र दिपालयमा २६ दशमलव ० मिलिमिटर वर्षा मापन गरिएको छ ।

राति देशभर सामान्य बदली रही देशको पश्चिमी भागका केही स्थानमा तथा मध्य र पूर्वका एक- दुई स्थानमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ । आज देशभर सामान्य तथा पूर्ण बदली हुनाका साथै मध्य र पश्चिमी क्षेत्रका एक दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । त्यस्तै बुधबार देशभर सामान्यदेखि पूर्ण बदली हुनाका साथै केही स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको र पूर्व र मध्य क्षेत्रका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

यसैगरी महाशाखाले आगामी २४ घण्टाको मौसम पूर्वानुमान जारी गर्दै देशको केही स्थानमा मेघगर्जन /चटयाङ पर्ने सम्भावना रहनाका साथै पूर्व र पश्चिमी तराई तथा पहाडी भेगका केही स्थानमा भारी वर्षाको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरिएको छ ।

# सबैलाई करको दायरामा ल्याउन राजस्वलाई अर्थमन्त्रीको निर्देशन

काठमाडौँ- अर्थमन्त्री डा.युवराज खतिवडाले सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउन राजस्व अनुसन्धान विभागलाई निर्देशन दिएका छन् । अर्थमन्त्री खतिवडाले मुलुकको विकास, निर्माण र सामाजिक सुरक्षाको कार्यक्रमलाई दीगो र प्रभावकारी बनाउन आवश्यक आर्थिक व्यवस्था गर्न सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउनैपर्ने पनि स्पष्ट पारेका छन् ।

आईतबारबाट ललितपुरमा सुरु भएको व्यवस्थापन गोष्ठीको उद्घाटन गर्दै उनले सरकारले सबै क्षेत्रको आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याएर राजस्व संकलन गरी निजी क्षेत्रलगायत सबै नागरिकलाई सामाजिक सुरक्षा र



मुलुकको विकास, निर्माणको कामलाई तीव्रता दिने लक्ष्य लिएको पनि पनि दोहोऱ्याए ।

'हाम्रो उद्देश्य व्यवसाय गर्नेहरुबीचमा स्वच्छ, पारदर्शी प्रतिस्पर्धा रहोस्, मुलुकमा व्यवसायिक वातावरण बनोस्, लगानीको वातावरण बनोस्', अर्थमन्त्री खतिवडाको भनाई थियो, 'र स्वच्छ कर प्रशासनको माध्यामबाट राजस्व संकलन गरेर निजी क्षेत्रलगायत सबै नागरिकलाई सामाजिक सुरक्षाको व्यवस्था र विकास निर्माणको कामलाई अघि बढाउन सकियोस् ।'

अर्थमन्त्री खतिवडाले राजस्व संकलन तीन वर्षयता सन्तोष गर्ने ठाउँमा रहेपनि उत्साहजनक नरहेकाले सरकारले सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने कामलाई जोड दिएको पनि स्पष्ट पारे । उनले सरकारले स्वच्छ र पारदर्शी व्यवसाय चाहेको पनि बताए ।

# मुक्तिनाथविकास बैंकद्धारा डस्बीन वितरण

काठमाडौं । मुक्तिनाथ विकास बैंक लि.ले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत डाँफे टोल विकास संस्था, टोखा काठमाडौंलाई डस्टबीन हस्तातरण गरेको छ । टोखा-६, डाँफे बजार वरीपरीको सरसफाईमा ध्यान दिदैं बैंकले डस्टबीन वितरण गरेको हो । उक्त डस्टबीन मुक्तिनाथ विकास बैंक लि. टोखा शाखाका प्रमुख दिनेश पन्तले डाँफे टोल विकास संस्थाका अध्यक्ष किरणदेव पन्तलाई हस्तातरण गर्नु भएको थियो ।

मुक्तिनाथ विकास बैंक लि.ले देशैभरी ११८ वटा शाखा, २२ वटा ए.टि.एम. र करिब सातलाख ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, मोबाइल बैंकिंङ्ग सुविधाका साथै देशैभरी भिषा नेटवर्क अन्तर्गत रहेका ATM बाट नि:शुल्क रकम भिक्न मिल्ने सेवाहरु



उपलब्ध गराएको छ । हालै मात्र बैंकले क्यान्सर उपचार र दुर्घटना मृत्यु बीमामा आवद्ध गरी जीवन वरदान बचत खाता तथा, आकर्षक सुविधा र व्याजदरमा आवास तथा सेयर कर्जा सञ्चालनमा ल्याएको छ ।

# युवाले बनायो त्रिबर्षीय रणनीति

भक्तपुर । युवा बचत तथा ऋण सहकारी संस्था लि.ले आ.ब.२०७६-०७९ को त्रिबर्षिय रणनीतिक योजना तयार पारेको छ । संस्थाले गत शनिबार काभ्रेको धुलिखेलमा आयोजना गरेको सञ्चालक, समिति-उपसमितिहरुको भेलाले आ.ब. २०७५/०७६ को आय-व्यय विबरण तथा बार्षिक प्रगती प्रतिवेदन र ०७६/०७७ को प्रस्तावित बजेटको छलफल एवं समिक्षा समेत गरेको छ ।




संस्थाले 'सदस्यहरुको आर्थिक समृद्धिको लागि उत्कृष्ट वित्तिय सेवामा समर्पित सहकारी'को परिकल्पना तय गरी आगामी तीन बर्षभित्रमा कुल कारोवार ७० करोड पुऱ्याउने लक्ष्य लिएको अध्यक्ष प्रल्हाद बास्तोलाले जानकारी दिनुभयो । उहाँले कार्यक्षेत्रभित्रका समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक बिकासका लागि समयानुकुल बित्तिय तथा गैर बित्तिय सेवा प्रदान गरी समुदायको जीवन उत्थानका लागि कार्य गर्ने लक्ष्य संस्थाले लिएको बताउनुभयो । आ.ब.०७५/०७६ सम्ममा ३ हजार ७ सय १० सदस्य रहेको संस्थामा तीन बर्षभित्रमा ५ हजार सदस्य बढाउने योजना रहेको सचिव सोम शर्मा (बजगाईं)ले जानकारी दिनुभयो । संस्थाको शेयर पूँजि, निक्षेप संकलन, ऋण लगानी, संस्थागत तथा जनशक्ति विकास, क्षमता अभिबृद्धी, भाखा नाघेको ऋण व्यबस्थापन, समयानुकुल नीतिहरु संशोधनलगायतका बिषयको योजना निर्माण गरिएको सचिव बजगाईंले जानकारी दिनुभयो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष प्रकाश बास्तोला, लेखा सुपरिवेक्षण समिति संयोजक जयराम बास्तोला, सल्लाहकार संयोजक श्रीराम लामिछाने, व्यवस्थापक बिनोद लामिछानेलगायतले संस्थाको रणनीतिक योजनाले संस्थालाई मार्ग निर्देशन गरी गन्तव्य पहिल्याउन मद्दत पुग्ने बताउनुभयो .

# लक्ष्मी बैंकको १११ औँ शाखा काठमाडौँको भैसेपाटिमा

काठमाडौं । लक्ष्मी बैंकले आफ्न शाखा संजाल विस्तार गर्ने क्रममा १११ औँ शाखा काठमाडौँको भैसेपाटिमा संचालनमा ल्याएको छ । यो शाखा मार्फत बैकंले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल




बैकिंग सेवा, लकर सेवा प्रदान गर्नुका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेर शाखा स्थापना गरेको बैकले जनाएको छ ।

यस नयाँ शाखा थपेर ग्रहकहरुलाइ सुविधाहरु सहज हुने बैकको भनाइ आएको छ । लक्ष्मी बैंकको संजाल ४८ जिल्लामा १११ शाखा, २ एक्सटेन्शन काउन्टर र ४ हस्पिटल सेवा काउन्टर, १३३ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ५८ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको छ । गण्डकी प्रदेशमा बैंकका शाखा संख्या ११ पुगेको छ ।

यीशाखाको विस्तार सँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखाकार्यालय, इन्टरनेट बैंकिङ्ग र मोवाईल फोन मार्फत बैंकिङ्ग सेवाप्रादन गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक अनुभवलाई अझ सशक्त पार्ने नीतिअनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास राख्दै ग्रहकहरुमा अहिलेको सुविधा लिन पनि अनुरोध गरेको छ ।

# माछापुच्छे बैंक र ह्याम्स अस्पताल एंव सुमेरु अस्पतालबीच सम्झौता

काठमाडौं । माछापुच्छे बैंक लि. र धुम्बाराही स्थित ह्याम्स अस्पताल एंव सुमेरू ग्रुप अन्तर्गत संचालित सुमेरु अस्पताल, सुमेरु सिटी अस्पताल तथा बीच एक सम्झौता भएको छ । बैंकका ग्राहकहरुलाई छुट प्रदान गर्ने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको हो । सम्झौता अनुसार माछापुच्छे बैंकका ग्राहकहरूले सुमेरू अस्पताल तथा सुमेरु सिटी अस्पताल र ह्याम्स अस्पतालले प्रदान गर्ने विभिन्न सेवाहरुमा १०५ सम्मको छुट प्राप्त गर्नेछन् ।




उक्त छुट माछापुच्छे बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड एंव ग्राहक कार्ड लिएका ग्राहकमहानुभावहरु तथा बैंकका कर्मचारीरुहरुले प्राप्त गर्ने छन् । बैंकले आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै विभिन्न अस्पताल तथा संघसंस्थाहरुसंग विभिन्न प्रकारका सेवा उपभोगमा छुट प्रदान गर्ने सम्बन्धमा सम्झौता पत्रमा हस्ताक्षर गर्दै आएको छ । बैंकले देशका विभिन्न स्थानमा आफ्ना १३१ वटा शाखाहरु लगायत ११२ शाखा रहित बैंकिङ्ग सेवा समेत गरी जम्मा २४३ स्थानवाट ग्राहकवर्गमा सम्पुर्ण बैंकिङ्ग सुविधा प्रदान गर्नुका साथै, बैंकको देशभर १४४ वटा एटीएमहरु मार्फत ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

# उत्पादनशिल क्षेत्रमा लगानी गर्न बैंकलाई गभर्नरको आग्रह

बुटवल । नेपाल राष्ट्र बैकका बैकका गर्भनर डा. चिरञ्जिबी नेपालले युवाहरुलाई नेपाल सरकारले दिएको अनुदान र बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा उत्पादनशील क्षेत्रमा लगानी गरी स्वदेशमा नै उद्यमी भई लाभ लिन आग्रह गरेका छन । शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले आज पाल्पाको तिनाँउ गाउपालिका र तानसेन नगरपालिकाको सीमा क्षेत्र डुम्रेमा आयोजना गरेको वित्तीयय साक्षरता कार्यक्रममा बोल्दै उनले बिदेशमा गएर कमाएको कमाईले अल्पकालीन लाभ देखिएपनि स्वदेशको कमाई दीगो र देशलाई सम्बृद्ध बनाउन महत्वपूर्ण हुने बताए ।

पाल्पा गृह जिल्ला भएका गर्भनर नेपालले पाल्पामा व्यवसायीक तरकारी खेती र पशुपालनको राम्रो सम्भावना भएको उल्लेख गर्दै कार्यक्रममा सहभागी महिलाहरुलाई आफ्ना छोरा र श्रीमान्लाई बिदेशमा होइन स्वदेशमा नै काम गरौ भनि उत्प्रेरित गर्न आग्रह गरे ।

सोही कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैक, सिद्धार्थनगरका निर्देशक राजेन्द्र भट्टराईले नेपाल सरकारले उपलब्ध गराउने सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लगायतका सबै बैक तथा वित्तीय संस्थाबाट प्रवाह हुने भएकाले त्यस्तो अनुदानलाई उपयोग गर्न स्थानीय कृषक तथा लक्षित बर्गलाई अनुरोध गरे ।

तिनाउ गाउँपालिकाका अध्यक्ष ओमबहादुर घर्ति मगरले तिनाउँ गाउपालिकामा




एउटा मात्रै बैंक भएको अवस्थामा शाइन रेसुङ्ग डेभलपमेण्ट बैंकले शाखा कार्यालय स्थापना गरी सचेतना कार्यक्रम गरेकोमा गाउँमा बैक र लगानी प्रति सर्बसाधारणको अत्यन्त सकारात्मक भावना बढेको बताए ।

मस्याम एकीकृत क्याम्पसका प्राचार्य घनबहादुर कार्कीले बैंकहरु नाफा केन्द्रीत मात्र हुन्छन भन्ने ग्रामिण क्षेत्रका जनताको सोंचलाई यो बैंकले परिवर्तन गरेको बताउँदै सरकारले दिने अनुदान र ब्याज अनुदानका कार्यक्रमबाट कर्जा प्रवाह गरी युवा पलायन रोक्न र स्थानीय आय बढाउन बैंक अग्रसर हुन आग्रह गरे । सोही अवसरमा स्थानीय महिला उद्यमीहरु गोमा भण्डारी, सिता कुमारी अस्लामी, दुर्गा बिष्ट र साबित्रा जिसीलाई दोसल्ला र प्रसंशा पत्रबाट सम्मान गरिएको थियो भने स्थानीय मस्याम एकीकृत क्याम्पसमा जेहेन्दार बिद्यार्थी छात्रबृत्ति बितरणका लागि ५० हजार रुपैया दिने घोषणा गरिएको थियो ।

# बैकिङ्ग संसार

## एन आई सी एशियाद्धारा जेष्ठ नागरिक मिलन केन्द्रलाई एलईडी टि.भी सहयोग

यस एन आई सी एशिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पोखरा कास्की स्थित रामबजार जेष्ठ नागरिक मिलन केन्द्रलाई एलईडी टेलिभिजन हस्तान्तरण गरेको छ । उक्त सहयोग स्वरुप दिइएको टेलिभिजन बैंकका गण्डकी प्रादेशिक कार्यालयका प्रमुख दिपेन्द्र शर्माले एक




कार्यक्रमका बीच रामबजार जेष्ठ नागरिक मिलन केन्द्रलाई हस्तान्तरण गरेका हुन । एन आई सी एशिया बैंकले गरेको यो सहयोगले सो केन्द्रका वृद्धवृद्धालाई सूचना तथा मनोरञ्जनका सामग्रीमा सहज पहुँच हुने विश्वास बैंकले लिएको छ । बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर २९३ शाखा कार्यालयहरु, ३१९ एटिएम, ५२ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । १७ लाखभन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको वैकले दाबी गदै आएको छ ।

## प्रभु बैंक लि. को २ वटा शाखाकार्यालय थपियो

काठमाडौं । प्रभु बैंक लिमिटेडले आफ्ना शाखा सञ्जाल विस्तार गरी सेवा ग्राहीहरुलाई सरल र सहज रुपमा अत्याधुनिक प्रविधि सहितको गुणस्तरीय बैंकिङ्ग सेवो पुऱ्याउने उद्देश्यका साथ पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं. ६ स्थित डिमुवामा डिमुवा शाखाकार्यालय र कास्की जिल्लाको अन्नपुर्ण गाउँपालिका वडा नं. ७ स्थित विरे ठाँटीमा बिरेठाँटी शाखा कार्यालय गरी



श्रावण १३ गतेका दिन एकै साथ २ वटा शाखा कार्यालयहरु स्थापना गरी सञ्चालनमा ल्याएको छ । उक्त कार्यालयहरुमध्ये डिमुवा शाखा कार्यालयको मोदी गाउँपालिकाका अध्यक्ष प्रेम शर्मा पौडेलले बिहान १० बजे र बिरे ठाँटी शाखाकार्यालयको अन्नपुर्ण गाउँ पालिकाका अध्यक्ष घनश्याम चपाईले अपरान्ह १ बजे छुट्टाछुट्टै रुपमा आयोजित उद्घाटन गरेका हुन ।

१३ गतेवाट नै सञ्चालनमा आएको प्रभु बैंकका दुवै शाखा कार्यालयहरु उद्घाटनका क्रममा दुवै प्रमुख अतिथीहरुले उदघाटनमा मन्तव्य राख्दै प्रभु बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गर्दै स्थानीय तहका विभिन्न गाउँपालिका तथा नगरपालिकाहरुमा बैंकिङ्ग पहुँचभन्दा बाहिर रहेका सर्वसाधारणहरुलाई सहज, सरल एवं गुणस्तरीय बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आएको बताएका थिए । बैंकको शाखा सञ्जाल विस्तारबाट बैंकिङ्ग पहुँचभन्दा टाढा रहेका सेवाग्राहीहरु बैंकिङ्ग पँहुचभित्र आउनुका साथै सम्बन्धित क्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने हुनाले प्रभु बैंकको गुणस्तरीय सेवा उपभोग गर्ने अवसर नगुमाउन उपस्थित सर्वसाधारणहरुलाई आग्रह समेत गरेका थिए ।

# नवलपरासीका ७० उद्योग खारेज

नवलपरासी । घरेलु तथा साना उद्योग कार्यालयले पश्चिम नवलपरासीका ७० घरेलु तथा साना उद्योगलाई आर्थिक वर्ष २०७५/०७६ मा खारेज गरेको छ ।

खारेजीमा पर्नेमा सबैभन्दा धेरै पर्यटन उद्योग छन् । कार्यालयले दिएको जानकारीअनुसार गत आवमा २६ पर्यटन उद्योग खारेज भएका छन् भने २३ सेवामूलक, ११ उत्पादमूलक, १० कृषि तथा वन पैदावरमा आधारित उद्योग रहेका छन् । औद्योगिक व्यवसाय ऐन २०७३ अनुसार उद्योगीले उद्योग चलाउन नसक्ने भनी कारणसहित निवेदन दिएमा, शर्त तथा निर्देशन पालना नगरेमा, लामो समयसम्म नवीकरण नगरेमा उद्योग खारेज हुने प्रावधान छ तर अहिले खारेज भएका उद्योग उद्योगी स्वयंको आग्रहमा खारेज गरिएको कार्यालयका उद्योग अधिकृत नेत्रप्रसाद भुसालले बताउनुभयो ।

कार्यालयका अनुसार गत एक वर्षको अवधिमा जिल्लामा एक हजार ७५ लघु तथा साना उद्योग पनि थपिएका छन् । कच्चा पदार्थ उपलब्ध हुने भएकाले ती उद्योगतर्फ लगानीकर्ता आकर्षित देखिएको कार्यालयले जनाएको छ । पछिल्लो समय औद्योगिक वातावरण बन्दै जानुका साथै सानो पूँजीबाट राम्रो आम्दानी हुने गरेपछि जिल्लामा साना उद्योगको सङ्ख्या बढ्दै गएको कार्यालय प्रमुख भुसालले जानकारी दिनुभयो ।

विशेषगरी लगानीको वातावरण जिल्लामा राम्रो रहेको र विदेशबाट फर्किने धेरैले साना उद्योगमा लगानी गर्न थालेका छन् । थोरै लगानीबाट आम्दानी पनि राम्रै हुने भएकाले यसतर्फ आकर्षण बढेको देखिन्छ ।

भुसालका अनुसार हाल जिल्लामा १०७ लघु उद्योग र छ हजार ६११ साना उद्योगसहित कूल छ हजार ६४८ साना उद्योग सञ्चालनमा छन् । गत आवमा दर्ता भएका उद्योगमा चार हजार ५८२ ले रोजगारी पाएका छन् ।

# फाष्ट ट्र्याकको डिपिआरमै समस्या

**-नारायणप्रसाद न्यौपाने**

काठमाडौं । नेपाली सेनाले राष्ट्रिय गौरवको काठमाडौं-तराई-मधेस द्रुतमार्ग (फाष्ट ट्र्याक) लाई तीव्रता दिन विस्तृत परियोजना प्रतिवेदन ( डिपीआर) समयमा स्वीकृत नभएका प्रति चासो (कन्सर्न) व्यक्त गरेको छ ।

रक्षा मन्त्रालय र नेपाली सेनाबाट आव २०७५/७६मा सम्पादित कार्यको वार्षिक प्रगति समीक्षा बैठकमा प्रधानसेनापति पूर्णचन्द्र थापाले द्रुतमार्गलाई समय सीमाभित्रै सम्पन्न गर्न नेपाली सेना प्रतिबद्ध रहेको जनाउँदै त्यसका लागि डिपिआरबारे २४ घन्टाभित्रै निर्णय आउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "समस्या डिपीआरमै आएर रोकिएको छ, विश्वास गरौं डिपिआर छिटो स्वीकृत हुनेछ, यो २४ घन्टाभित्रै निर्णय आओस्, निर्णय नआएका कारण नौ अर्ब रकम फिर्ता गर्नुपर्ने अवस्था विगतमा पऱ्यो, मलाई लाग्छ डिपिआर स्वीकृति भएको अवस्थामा धेरै काम अघि बढ्ने सम्भावना प्रसस्त छन् ।"

चार महीना अघि नै डिपिआर स्वीकृतिका लागि रक्षा मन्त्रालयमा पठाएकामा अहिलेसम्म प्राप्त नभएपछि सेनाले चासोका साथ छिटो स्वीकृतिका लागि आग्रह गरेको हो । प्रधानसेनापति थापाले भन्नुभयो, "निर्माणाधीन ५४ किलोमिटर खण्डमध्ये २५।४४ किमीमा सडक सवग्रेड फर्मेशन लेभलको काम पूरा भएको र बाँकी क्षेत्रमा पनि ८० प्रतिशत भन्दाबढी प्रगति भएको छ, पुल र सुरुङको काम पनि डिपीआरको स्वीकृतिपछि लगत्तै अघि बढ्ने छ ।"

केही चुनौतीका रुपमा हेरिएको सिस्नेरीक्षेत्रमा विभिन्न विकल्पसहित समाधानको दिशातर्फ काम अघि बढिरहेको जनाउँदै सेनाले डिपिआर र बजेट समयमै आए आयोजना सम्पन्न गर्न कुनै ठूलो समस्या नरहेको बताएको छ । उक्त द्रुतमार्गका लागि भारतीय कम्पनी आइएल एण्ड एफएस्ले तयार गरेको डिपिआर खरीद गर्ने सन्दर्भमा मूल्यमा सहमति हुन नसकेपछि नेपाली सेनाले गत असोजमा दक्षिण कोरियाको सुसुड परामर्शदाता कम्पनी छनोट गरी डिपिआर तयार गर्न लगाएको थियो ।

एशियाली विकास बैंकले सन् २००८ मा तयार गरेको सम्भाव्य अध्ययन प्रतिवेदनलाई आधार मानेर सेनाले निर्माणसम्बन्धी प्रारम्भिक कार्य गर्दै आएको छ । डिपिआर तयार नगरी काम शुरु भएको भनी विभिन्न पक्षबाट सेनाले आलोचनासमेत खेप्दै आएको छ । सरकारले द्रुतमार्ग आव २०७९/८० मा सम्पन्न गर्ने गरी सेनालाई व्यवस्थापनको जिम्मेवारी दिएको हो ।



फाष्ट ट्र्याक आफैँमा वृहत र विशिष्ट आयोजना भएकाले समय सीमाभित्र जिम्मेवारी पूरा गर्ने सन्दर्भमा यकिन रेखाङ्कन, सडकको ढाँचा, लागतअनुमान एवं पर्न सक्ने वातावरणीय प्रभावसमेतको विश्लेषणका आधारमा निर्माणसम्बन्धी सबै क्रियाकलाप एकैसाथ अघि बढाइएको तत्कालीन आयोजना प्रमुख योगेन्द्रबहादुर खाँणले बताउनुभयो ।

उक्त आयोजनाको निजगढ, लेनडाँडा र मख्खुवेशीमा ल्याव भवन तथा आयोजनाको केन्द्रिय कार्यालय र सबै वेशक्याप निर्माणको काम पूरा भएको नेपाली सेनाले रक्षा मन्त्रालयमा प्रस्तुत गरेको प्रगति विवरणमा उल्लेख छ । सडक निर्माण गर्ने क्रममा आवश्यक पर्ने ९० प्रतिशत जग्गा अधिग्रहण र द्रुतमार्ग क्षेत्रमा पर्ने २० हजारको सङ्ख्यामा रुख कटान भइसकेका छन् ।

प्रस्तावित डिपिआरमा आयोजना अघि बढाउने सिलसिलामा छोक्रेडाँडादेखि बाँदरे खोल्सीसम्मको करीब १२ किलोमिटर क्षेत्रमा तीन वटा सुरुङ निर्माण गर्ने यस अघिको रेखाङ्कन परिवर्तनमा थोरै संशोधन गरी सुधार गर्न सिफारिस गरेको बताइएको छ । उक्त मार्गमा समानान्तर दुरीमा ९।५ मिटर चौढाइ र ५।५ मिटर अग्लो सुरुङ निर्माण गरिनेछ ।

त्यसक्षेत्रको भौगर्भिक अवस्था र कान्ति लोकमार्गका कारण उत्पन्न हुने समस्या सुल्झाउन एक मात्र उत्तम विकल्प सुरुङ भएको बताइएको छ । विसं २०७४ वैशाख २१ गते मन्त्रिपरिषद्ले नेपाली सेनाको व्यवस्थापनमा निर्माण गर्ने निर्णय गरेको उक्त द्रुतमार्गको निर्माण लागत करीब रु दुई खर्ब अनुमान गरिएको छ ।

**चुरे-भावर क्षेत्रप्रति सेनाको चिन्ता**

बैठकमा प्रधानसेनापति थापाले चुरेभावर क्षेत्रको अवस्था अत्यन्तै संवेदनशील र अप्ठेरो अवस्थामा पुगिसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "त्यस क्षेत्रमा साच्चिकै नराम्रो अवस्था सिर्जना गरेको छ, यसलाई हामीले राष्ट्रकै समस्या हो भनेर दायित्व लिएनौं भने भविष्यमा बिग्रेको कुरालाई सुधार्न धेरै समय र स्रोत साधन खर्च हुन्छ, यसलाई महत्वपूर्ण कार्यक्रममा राखेर अघि लैजानुपर्छ ।" नेपालको भौगर्भिक अवस्था र विश्वव्यापी रुपमा बढ्दै गएको तापक्रम वृद्धिले बाढीपहिरो तथा डुबानका समस्या बढाउँदै लगेको छ । उहाँका अनुसार अबका पाँच वर्षभित्र मुलुकमा ठूला खाले प्राकृतिक प्रकोप र विपद् धान्ने क्षमता विकास हुनुपर्छ ।

**रक्षा बजेटको मापदण्ड खोइ ?**

सेनालाई आधुनिकीकरण गर्ने सन्दर्भमा जवानले प्रयोग गर्ने हतियारको खरीद गर्ने र पुरानालाई विस्थापित गर्ने कार्य सही र पारदर्शी ढङ्गबाट टुङ्गो लगाउने प्रतिबद्धता जनाउँदै सेनाले रक्षाका सम्बन्धमा दक्षिण एशियाली मुलुकलाई एउटा मापदण्डका रुपमा लिएर राष्ट्रिय नीति बनाउन सुझाव दिएको छ । प्रधानसेनापति थापाले भन्नुभयो, "राष्ट्रिय नीति बनेपछि सङ्ख्यात्मक गर्ने कि गुणात्मक विकास गर्ने भन्नेबारेमा योजना बनाउने छ, राष्ट्रिय बजेट वा कूल गार्हस्थ उत्पादनको यति प्रतिशत भनेर किटान हुनुपर्छ, नत्र कुन वर्ष कति बजेट आउछ भनेर अनुमान गर्न गाह्रो हुने भएकाले जहिले पनि तलब, भत्ता र राशनमा अलमलिनु पर्छ, जसले सङ्गठनलाई आधुनिकीकरण गर्न अप्ठेरोमा पारिरहेको छ ।" (रासस)

# संस्थागत ग्राहकका लागि नेपाल टेलिकमको आकर्षक अफर

काठमाडौं । नेपाल टेलिकमले न्यूनतम प्याकेज रकमबाट महिनाभरी मोबाइलमा जति पनि (असीमित) कुराकानी गर्न सकिने सुविधा उपलब्ध गराइरहेको छ । संस्थागत प्रयोगकर्ता समूह (Corporate User Group–CUG) योजनामा समाहित भएर ग्राहकहरुले यो सेवा उपभोग गर्न सक्नेछन् ।

यसका लागि एउटै कम्पनी, संस्था वा कार्यालयमा कार्यरत कम्तीमा पनि १० जना मोबाइल प्रयोगकर्ता हुनुपर्छ । सो भन्दा बढी संख्याका मोबाइल प्रयोगकर्ताहरुले पनि यो सुविधा उपभोग गर्न सक्नेछन् । जीएसएम/सीडीएमएका प्रिपेड/पोष्टपेड सबै नम्बरहरु यस सेवामा आबद्ध हुन सकिन्छ । हाल चलिरहेको मोबाइल नम्बर वा नयाँ नम्बर लिएर पनि यस सेवामा आबद्ध हुन सकिन्छ ।




यस योजनामा आबद्ध संस्थागत प्रयोगकर्ताहरुले आफ्नो समूहभित्रका मोबाइल नम्बरहरुमा निःशुल्क असीमित कुराकानी गर्न सक्छन् । त्यसैगरी सीयूजी सेवामा आबद्ध समूहका नम्बर वाहेक नेपाल टेलिकमका अन्य नम्बरहरुमा प्याकेजमा उपलब्ध गराइएको फ्रि रिसोर्सेजसम्म भ्वाइस, डाटा र एसएमएस निःशुल्क प्रयोग गर्न सकिन्छ । त्यसैगरी कम्पनी तथा दूरसञ्चार सेवा उपलव्ध गराउने अन्य सेवा प्रदायकको मोवाइल तथा आधारभूत फोनमा समेत प्याकेजमा उपलब्ध गराइएको समयम सीमासम्म निःशुल्क कुरा गर्न सकिने छ । कर्पोरेट ग्राहक सेवा लिनका लागि नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

कर्पोरेट ग्रुपका विविध समूहलाई उपयुक्त हुनेगरी विभिन्न दरका प्याकेजहरु उपलब्ध गराइएको छ । जीएसएम/सीडीएमए प्रिपेड ग्राहकका लागि मात्र उपलब्ध हुने गरी २ सय रुपैयाँको संस्थागत प्याकेज उपलब्ध छ । यो सेवा लिने प्रिपेड मोबाइल प्रयोगकर्ताले १ सय मिनेट समूह बाहिरका टेलिकमकै मोबाइल तथा टेलिफोनमा कुरा गर्न र ५० वटा सन्देश पठाउन सक्नेछन् । यही सेवा अन्तर्गत मासिक १ सय ४० एमबीको डाटा चलाउन र कम्पनी तथा दूरसञ्चार सेवा उपलब्ध गराउने अन्य सेवा प्रदायकका मोबाइल वा फोनमा पनि १० मिनेट कुरा गर्न सकिने छ ।

प्रिपेड वा पोष्टपेड दुवै मोबाइल प्रयोगकर्ताका लागि ४ सय, ७ सय, १ हजार, १३ सय र १६ सय रुपैयाँका प्याकेजहरु उपलब्ध छन् । ४ सय रुपैयाँको संस्थागत प्याकेज लिंदा समूह बाहिरका कम्पनीकै मोबाइल वा टेलिफोनमा २ सय ३० मिनेट कुराकानी गर्न, ३ सय एमबीको डाटा चलाउन र १ सय वटा एसएमएस पठाउन सकिन्छ । साथै २० मिनेट कम्पनी तथा दूरसञ्चार सेवा उपलब्ध गराउने अन्य सेवा प्रदायकका मोबाइल वा फोनमा कुरा गर्न सकिने छ ।

साथै ७ सय रुपैयाँको संस्थागत प्याकेज लिएमा समूह बाहिरका कम्पनीकै फोन तथा मोबाइलमा ३ सय ७० मिनेट कुराकानी गर्न, ८ सय एमबी डाटा चलाउन र सयवटा सन्देश पठाउन तथा कम्पनी र दूरसञ्चार सेवा उपलब्ध गराउने अन्य सेवा प्रदायकका मोबाइल वा फोनमा ३० मिनेट कुरा गर्न पाइने सुविधा प्रदान गरिएको छ । १ हजार रुपैयाँको प्याकेजमा प्याकेज भन्दा बाहिरका कम्पनीकै नेटवर्कमा ५ सय ५० मिनेट कुराकानी गर्न, १ हजार एमबी डाटा चलाउन तथा डेढसय वटा एसएमएस पठाउन र कम्पनी तथा दूरसञ्चार सेवा उपलब्ध गराउने अन्य सेवा प्रदायकका मोबाइल वा फोनमा ४० मिनेट कुरा गर्न पाइने छ ।

यसैगरी १३ सय रुपैयाँको संस्थागत प्याकेजमा समूह बाहिरका कम्पनीकै अन्य फोनमा ६ सय मिनेट कुराकानी गर्न, २१ सय एमबी डाटा चलाउन, २ सयवटा एसएमएस पठाउन र कम्पनी तथा दूरसञ्चार सेवा उपलब्ध गराउने अन्य सेवा प्रदायकका मोबाइल वा फोनमा ५० मिनेट कुरा गर्न पाइने सुविधा उपलब्ध गराइएको छ ।

१६ सय रुपैयाँको संस्थागत प्याकेजमा ७ सय ५० मिनेटसम्म समूहमा आबद्ध नभएका कम्पनीकै अरु फोन वा मोबाइलमा कुराकानी गर्न, २७ सय एमबी डाटा चलाउन र २ सय ५० वटा एसएमएस पठाउन सकिन्छ । त्यसैगरी कम्पनी तथा दूरसञ्चार सेवा उपलब्ध गराउने अन्य सेवा प्रदायकका मोबाइल वा फोनमा ५० मिनेट कुरा गर्न पाइने सुविधा छ ।

उपरोक्त सबै संस्थागत प्याकेजहरुमा आफ्नो समूहभित्र असीमित कुराकानी गर्ने सुविधा सो सेवाका ग्राहकहरुलाई उपलब्ध हुनेछ । आफ्ना समूह भित्र जति पनि अर्थात असीमित कुराकानी गर्न मात्र होइन, अन्य धेरै सुविधाहरु समेत भएकाले यो अफर संस्थागत ग्राहकहरुका बीचमा निकै नै लोकप्रिय छ ।

# एकको दान, अर्कोलाई वरदान

**– सूर्यचन्द्र बस्नेत**

किताब, कपडा, खेलौना, फर्निचर, विद्युतीयलगायत घर कार्यालयमा काम नलाग्ने अवस्थामा पुगेका सामग्रीको व्यवस्थापन तपाइँ कसरी गरे ? फोहोर सरह फयाक्ने वा पुनः प्रयोग गर्ने ?

तपाइँको पुरानो सामान अरुको लागि नयाँ हुन सक्छ भन्दै सुखवती स्टोर नामक संस्थाले त्यस्ता सामग्रीको मर्मत, सुधार र प्रशोधन गरी पुनः प्रयोगयोग्य बनाउने गरेको छ । यसले प्रशोधित सामान न्यून मूल्यमा पाउने, फोहोर व्यवस्थापन र वातावरणीय सन्तुलनमा मद्धत पुग्ने संस्थाको दावी छ ।

'एकको बेकार, अर्काको सरोकार' । 'एकको दान, अर्कोलाई वरदान' । 'माया बाडौं, खुशी बढाऔं' । यस्तै सोचका साथ सुखवती स्टोरले घर, कार्यालयबाट फ्याकिने अवस्थाका सामान मर्मत र सुधार गरी फेरी प्रयोगयोग्य बनाउने गरेको छ ।

भान्साका विविध सामान, महिला, पुरुष वा बच्चाका कपडा, खेलौना, जुनसुकै प्रकारका विद्युतीय सामग्री, टिभी, सिडी, किताब, गमलासहित नर्सरीका सामान, फलफूल र अन्य वनस्पतिका बिरुवा समेत उपयोग गर्ने गरेको संस्थाका सचिव कमला गुरुङ्गले बताए । "कपडा छान्छौं, धुन्छौं र सिलाएर आइरनपछि नयाँ सरह बनाउँछौं, विद्युतीय र अन्य सामग्री मर्मत गरेर प्रयोग हुने बनाउँछौं", सचिव गुरुङ्गले भने ।

सामाजिक उद्यमशीलताको सोचअनुरुप काठमाडौंको बसुन्धारामा नौ जनाबाट १३४ केजी दान लिएको सामान प्रशोधन गरी बेचेर शुरु भएको यो अभियान राजधानीका म्हैपी, सामाखुशी हुँदै अहिले गोँगबुमा कोठा भाडामा लिएर सञ्चालन हुँदै आएको छ । कहिलेकाँही मेला महोत्सवमा समेत सामान बिक्री हुन्छ । चार वर्षको अवधिमा करीब २० हजार केजी कपडा प्रशोधन गरेको संस्थाका अध्यक्ष चीजमान गुरुङ्गले बताए । "कपडा किन्न विदेसिने पैसा जोगिएको छ, घर कार्यालयको फोहोर व्यवस्थापन र नयाँ सामान तयार गर्दा लाग्ने समय अनि वातावरणीय स्रोत जोगिएको छ", अध्यक्ष गुरुङ्गको भनाइ छ ।

पुनः तयार गरिएका जिन्स पाइन्ट, सर्ट, टिसर्ट, कुर्ता, केटाकेटीका लुगा रु १०, रु ३०, रु ५०, रु ८०, रु १०० र रु २०० मूल्य राखिएको छ । कतिपय कोट र सारीको मूल्य भने रु ५०० सम्म पर्छ । यहाँ विद्युतीय लगायतका सामग्री न्यून मूल्यमा बिक्री हुन्छ ।

न्यून आएका भएका, पैसा कम हुने विद्यार्थी र किशोर, आफूलाई नभएपनि राहत वा अरुका लागि र कहिलेकाहीँ सस्तोमा 'ब्राण्डेड' कपडा चाहनेहरु स्टोरमा आउने गरेको कोषाध्यक्ष केशकुमारी रानाले बताए । पहिलेको तुलनामा भने अचेल नयाँ कपडा र सामान दान गर्ने बढेका छन् । नाम चलेको संस्थाले समेत नयाँ कपडा, ब्राण्डेड सामान र आफूले बेच्न राखेका तयारी सामान दान दिने क्रम बढेको कोषाध्यक्ष रानाले सुनाउनुभयो । "टयाक्सीमा ल्याएर सामान छोडिदिन्छन्, राम्रो काम गर्नुभएको रहेछ भनेर हातको घडी पनि फुकालेर पनि दिए", कोषाध्यक्ष रानाले भने ।

सामग्री दान लिने, छान्ने, धुने, सिलाउने, नम्बर र मूल्य राख्ने, बिक्री र व्यवस्थित गर्ने कामका लागि १२ स्वयंसेवी छन् । विद्यार्थी, गृहिणी र अन्य इच्छुक पनि योग्यता र रुचि अनुसारको काम गर्छन् । झण्डै दुई दशक सिँगापुरमा लाहुरे पतिसँग बसेका कमला, केशकुमारी मात्र हैन सङ्गु सुब्बा, कल्पना गुरुङ्ग, लक्ष्मीदेवी गुरुङ्ग र रञ्जना तामाङ्गले घरमा बस्नुभन्दा समाज सेवामा लाग्नु वेश भनेर स्वयंसेवी कामको नेतृत्व लिएका छन् ।

चर्को भाँडा तिर्नुपरेकाले नगरपालिका वा कुनै संस्थाले प्रशोधनका लागि सार्वजनिक जग्गा उपलब्ध गराए काममा सहयोग पुग्ने अध्यक्ष गुरुङ्गले बताए । त्यस्तै मोवाइल सवारी साधन, दक्ष, अनुभवी र उच्च शिक्षा पढेका स्वयंसेवीको खाँचो रहेको बताइएको छ । काठमाडौं उपत्यकाका पाँच ठाउँमा यसको सेवा विस्तार गर्न सकिनेछ भने कपिलवस्तु, बुटवललगायत ठाउँबाट सेवा विस्तारको माग आएको बताइएको छ । ।

संस्थाका प्रोजेक्ट म्यानेजर चित्र दाहालले २० टन सामान उपयोग र अन्य कामबाट ३३ लाखको सामान बिक्री भएको बताए । तीस प्रतिशत आम्दानी घरभाडा, मर्मत, प्रशोधनसहित सञ्चालन खर्चमा जान्छ । "७० प्रतिशत राहत, अनाथालय, छात्रवृत्ति, अपाङ्गता भएका व्यक्ति र अन्य सहयोगमा खर्च हुन्छ", दाहालले भने । उनले सामाजिक उद्यमशीलताको अवधारणा अनुरुप कृषि, सिँचाइ, फलफूल खेतीतर्फ केही गरौं भनेर काम अघि बढाइरहेको जानकारी दिए ।

गार्खा भूकम्पपछि भूकम्पपीडितलाई खाद्यान्न, कपडाजस्ता सामग्री संस्थाले वितरण गरेको थियो । ब्युटिफुल स्टोर फाउन्डेसनको सहयोगमा स्टोरले रसुवा, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट र दोलखाका साबिकका १३ गाउँ विकास समितिका झन्डै पाँच हजार ८०० घरपरिवारलाई आठ हजार सिरक वितरण गर्यो । ह्यापी फ्याक्ट्री कोरियाको सहयोगमा नुवाकोट हिलेखर्कमा २७ लाखमा गारबैंसी निमाविको भवन बनाउन सहयोग गरेको संस्थाले सिन्धुपाल्चोकको दोलालघाटमा छ कोठे विद्यालय भवन र शौचालय बनाउन सहयोग जुटाएको थियो ।

# इन्जिनियरिंगका विद्यार्थीले गरे २२ दिनसम्म चल्ने व्याट्रीको विकाश

काठमाडौं । नेपाल इन्जिनियरिंग कलेज चाँगुनारायण भक्तपुरका विद्यार्थी २२ दिनसम्म चल्ने व्याट्रीको विकास गर्न सफल भएका छन् । कलेजमा अध्ययनरत चौथौं वर्षका विद्यार्थी जजेन्द्र कासुला र विज्ञान घिमिरे आफना पर्यवेक्षक दीपेश प्रकाश गुरागाई र विजय श्रेष्ठका अधिनमा रहेर यो उपकरणको विकास गर्न सफल भएका हुन् ।

उनीहरुले वातावरणको उर्जालाई उपयोगमा ल्याई दिगो अनुसन्धान डेटा संकलन गर्ने उपकरण विकास गरेका हुन् । यस उपकारणले सौर्य उर्जालाई प्रयोगमा ल्याई उपकरण चलाउने व्यवस्था गरेका उनीहरुले छन् ।

सधैभरि एकनास नरहने सौर्य उर्जालाई एक पटक सुपर क्यापासिटरमा जम्मा गरेर चार्ज गरी सो उपकरण बनाउन उनीहरुलाई सफलता मिलेको हो । यो व्याट्री २२ दिनसम्म चलाउन सकिनेछ, दुवै विद्यार्थीले एकैसाथ भने ।

एक मिनेट (चम्किलो प्रकाश भएको बेला) चार्ज गरी सो उपकरण सुपर क्यापासिटरबाट मात्रै चलाई साढे दुई दिन चलाउन सकिने निष्कर्ष उनीहरुको छ । अझ व्याटीलाई खास उपकरण डिजाइनर गरी चार्ज गर्ने र सो चार्ज सुपर क्यापासिटरमार्फत डेटा संकलन तथा प्रशारण गर्ने पूरै उपकरण २२ दिनसम्म लगातार चलाउन सकिने कुरा अनुसन्धानमार्फत जानकारी पाइएको उनीहरुले बताए ।

युरोपमा अध्ययन गरेर आएका कलेज प्रोफेस विजय श्रेष्ठ, प्रख्यात डिजाइनर कम्पनीमा केही वर्ष काम गरेर नेपाल फर्केका कलेज प्रोफेसर दिपेशप्रकार गुरागाईका साथै युरोपमा उच्च शिक्षा हासिल गरी केही वर्ष काम गरेका कलेज प्रोफेसर तथा प्रोजेक्ट संयोजक सचिन श्रेष्ठका निर्दशेनमा विद्यार्थीले सो उपकरणको प्रोटोटाइप बनाउन सफल भएका हुन । वातावरणको परीक्षण डेटा संकलन, जनावर टेकिंग, वायु तथा जल गुणस्तर निगरानी अपबाद निगरानी जस्तै थुप्रै उर्जा संकेतमा खटाउन सकिने विद्यार्थीको दावी छ । साथै कार्यखर्चलाई न्युन गर्दै वनाएको उपकरणबाट मोटामोटी ६ किमिसम्म डेटा प्रसारण गर्न सकिने उनीहरुले बताए । अत सो प्राप्त डेटा क्लाउड कम्प्युटिंगमार्फत सम्पूर्ण क्षेत्रमा पुयाउने लक्ष्य उनीहरुले लिएका छन् ।

विद्यार्थी आफनो अन्तिम वर्षको प्रोजेक्ट प्रायोगिक चरण पार गर्दै अन्तिम चरणसम्म आइपुगेको हुन् । स्वास्थ्य निगरानीमासमेत संलग्न गराउने लक्ष्य लिई सो उपकरण विद्युत नपुगेको, तार जडान कठिनाई हुने ठाउँहरुमा डेटा लिने र प्रशारण सहज बनाउने यो उपकरण बनाउँदा आइपरेका विभिन्न बाधा तथा चुनौतीलाई पार गर्दै यस चरणसम्म आएको यस उपकरण मानब तथा वातावरण क्षेत्रलाई ठूलो योगदान पुयाउन सकिने विद्यार्थीको निष्कर्ष निकालेका छन् ।

हालसालै सम्पन्न भएको नेक इन्जिनियम २०१९ नामक कलेजद्धारा सञ्चालन गरिएको खुला प्रतियोगितामा वेष्ट प्रोजेक्टबाट सम्मानित सो प्रोजेक्ट संकलित उर्जा बचत गर्दै प्रयोगमा ल्याउने आउँदो समयमा निकै लाभदायक हुने कुराहरु पनि जानकारी गराइयो । यस्तै दोश्रो स्थानमा इलेक्टोनिक्स तेश्रो वर्षमा अध्ययनरत विवेक अधिकारी निजर ढकाल टंकराज ओझा पवन ढकालद्धारा निमिर्त फिंगर प्रिन्ट वेष्ट भोटिंग मेशिन रहेको थियो । तेश्रो साथनमा अन्तर डिपार्टमेन्ट प्रोजेक्ट स्मार्ट वायो स्याण्डफिल्टर रहेको थियो । यसलार्य विभिन्न डिपार्टमेन्टका विद्यार्थी मिलन अधिकारी आशुतोषमणि त्रिपाठी, निर विके र मिनप्रसाद जैसीले बनाएका थिए ।

## स्वास्थ्य/खेलकुद/विविध

# मानव शरीरलाई गुणकारी खाद्यान्न “कोदो” एक चर्चा




**सुरेश कुमार अधिकारी “मित्र”**

मानव शरीरलाई गुणकारी मानिने खाद्यान्नको रुपमा “कोदो” लाई लिने गरिन्छ । कोदोलाई विभिन्न जातजातीहरुले र भाषामा जेजे नामाकरण गरे पनि यो नेपाली झर्रो भाषामा “कोदो”को दानै भन्ने चलन छ । मैथेलीमा मडुका, नेवारीमा ढुसी, अँग्रेजीमा मिलेट भनेर चिनिने कोदो प्रोटिन, भिटामिन, ऊर्जा तथा खनिजको प्रमुख श्रोत हो । यसमा सबैभन्दा ३५ गुणा चामलभन्दा २३ गुणा र गहुँभन्दा १५ गुणा बढी आइरन पाइने खाद्यान्न पनि हो ।

यसलाई वर्तमान र भविष्यको स्मार्ट खाद्यान्न समेत भन्दा फरक पर्दैन । कोदोमा आइरन, क्याल्सियम, म्याग्नेसियम, फस्फोरस र पोटासियम जस्ता खनिजको समृद्ध श्रोत हो । फाइवरले भरिपूर्ण कोदोमा विभिन्न भिटामिन जस्तै विटान व्यारोटिन, नियासिन, भिटामिन वि १२, फोलिक एसिड प्रशस्त हुन्छ । यसमा भएको लेसिथिनको उच्च मात्राले स्नायु प्रणालीलाई बलियो बनाउन सघाउँछ ।

यसको उपयोगले कुपोषण हटाउन सकिन्छ । यसमा प्रशस्त मात्रामा पोलिफेनोल ट्यानिन, फाइटोस्टेरोललगायतका केमिकल पाइन्छ । यो एन्टिअक्सिडेण्टल समेत भरिपूर्ण हुन्छ । हाम्रो देशमा कोदोको दुई सयभन्दा बढी स्थानीय जात पाइन्छन् । यसको बीउ घरेलु स्तरमै करिव १० वर्षसम्म सुरक्षित राख्न सकिन्छ । कोदोको उपयोगले मुटु रोगको जोखिम कम गराउँछ । मधुमेहबाट जोगाउँछ, पाचन प्रणालीमा सुधार ल्याउँछ, क्यान्सरको जोखिम कम



गर्छ साथै हाम्रो शरीरको सम्पूर्ण अंगहरुको सुद्धिकरण समेत गर्छ । जसले गर्दा शरीरमा जानेर वा नजानेर खाएका विषाद वस्तुहरु हटाउन मद्धत गर्छ । फोक्सोमा आउने नकारात्मक वस्तुहरु र स्वाँसप्रश्वास बढ्न नदिर्य फोक्सो सफा राख्छ । माथि व्यक्त गरिएका विभिन्न कारणहरुले गर्दा पनि कोदो एक गुणकारी खाद्यान्न हो । यसको उपभोग गरौं ।

# ५ दिने टीओटी तालिम शुरु

चितवन । लैङिक उत्तरदायी सामाजिक जवाफदेहीता प्रशिक्षक प्रशिक्षण ५ दिने क्षमता विकास तालिम २०७६ श्रावण १९ गतेदेखि सौराहमा शुरु भएको छ । डेक नेपाल आयोजक रहेको उक्त तालिममा लैङ्गिक उत्तरदायी सुशासन प्रबर्धनका लागि युवा चेयास महिला नेतृहरुको सशक्तिकरण कार्यक्रमको रुपमा यो तालिम स ंचालन गर्न लागिएको आयोजक संस्थाले बताएको छ ।

श्रावण २३ गतेसम्म संचालन हुने उक्त तालिमको पहिलो दिन उद्घान शत्रमा संस्थाको अध्यक्ष शिखा श्रेष्ठले गर्नुभएको थियो भने प्रमुख अतिथिमा प्रदेशसभाका माननीय सांसद सन्तबहादुर चेपाङ्ग हुनुहुन्थ्यो ।

त्यसैगरी विशिष्ठ अतिथिहरुमा कालिका नगरपालिकाका प्रमुख खुमनारायण श्रेष्ठ, गैर सरकारी संस्था महासंघ चितवनका सुरेश कुमार अधिकारीलगायत सहभागीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका पदाधिकारी, पत्रकार रामचन्द्र आचार्य लगायत तालिममा भाग लिन आउने चेपाङ्ग महिनाहरुको पूर्ण सहभागीता रहेको थियो । सन्चालक एवं डेक नेपालका प्रतिनिधि जनक कार्कीबाट पावर प्वाइन्ट (स्लाइड) बाट कार्ययोजना र लागत प्रस्तुत गर्नुभएको थियो । तालिम प्रश्चात सहभागीहरुले आफ्नो कार्यक्षेत्रमा सिकेका सिप ज्ञानको भरपूर प्रयोग गर्ने छन् भन्ने विश्वास लिएको वक्ताहरुले बताए ।

कार्यक्रम इम्का नामक गाउँपालिका र कालिका नगरपालिका विभिन्न वडाहरु संचालन हुने र त्यहाँका चेपाङ्ग महिलाहरु लाभान्वित हुने आयोजक बताउँछ । कार्यक्रमको सहयोगको रुपमा युएनडीईएफ, एफएनभीडी र साझेदारी संस्थाहरुमा साउथ एसिया पार्टनरसिप नेपाल र नेपाल चेपाङ्ग संघ, जिल्ला शाखा चितवन




रहेको छ । सञ्चालित कार्यक्रमहरुमा ८१ प्रतिशत प्रत्यक्ष समुदायमा खर्च गर्ने गरिएको र खर्च विवरण सबै पारदर्शी रहेको आयोजक कमिटी बताउँदछ । तालिम पश्चात इच्छा कामना गाउँपालिका र कालिका नगरपालिकामा लागु गरिन जानकारी गराइएको थियो ।

# शिवाङ्गी दुबेः ‘कक्षा–दश, स्वर्ण पाँच’

**– शेरबहादुर सिंह**

खेलप्रतिको लगाव र मेहनतले छोटो समयमै सफलता हासिल गर्न सकिन्छ भन्ने उदाहरण बनेकी छिन् कुस्तीका खेलाडी शिवाङ्गी दुबे ।

कञ्चनपुरको भीमदत्तनगरस्थित आर्दश विद्या निकेतनमा कक्षा-१० मा अध्ययनरत शिवाङ्गी नेपाली महिला कुस्तीको इतिहासमा अब्बल खेलाडीका रुपमा उदाएकी छन् । भीमदत्तनगरपालिका-४ भाषीस्थित तीन वर्षदेखि बुबा/आमासित डेरा गरी अध्ययनसँगै कुस्ती खेलमा लागेकी दुबे यतिबेला हेटौंडामा भइरहेको कुस्ती खेलको बन्द प्रशिक्षणमा छिन् ।

आगामी मङ्सिरमा हुने १३औं दक्षिण एशियाली खेलकूद प्रतियोगिता (साग) मा ५३ किलो तौल समूहमा भिडन्तको तयारीमा जुटेकी दुबे बुबा राजुको प्रेरणाबाट २०७४ सालमा कुस्तीमा प्रवेश गरेकी हुन ।

विसं २०७४ यता मुलुकका विभिन्न भागमा भएका राष्ट्रिय प्रतियोगितामा आफ्नो तौल समूहमा एक छत्र स्वर्ण पदक जित्दै आएकी दुबे गत चैतमा सम्पन्न वृहत आठौं राष्ट्रिय खेलकूद प्रतियोगितामा पनि स्वर्ण पदक बिजेता खेलाडी हुन ।

"आठौं राष्ट्रियमा छोरी कुस्तीमा सबैभन्दा कान्छी खेलाडी भएकाले पनि उनको चर्चा चुलिएको थियो ।" बुबा राजुले राससिसित भने,"खेलप्रति लगनशिल भएर लागेकाले छोरी सफलतातिर लम्किँदै गएकी छिन् ।" विसं २०७४ मा महेन्द्रनगरमै खेल जीवनमा आएकी शिवाङ्गीले पहिलो वर्षमा हेटौंडामा भएको राष्ट्रिय खेलकूद परिषद् राष्ट्रिय च्याम्पियनसिपमा ४८ किलो तौल समूहमा पहिलो पटक स्वर्ण जितेकी थिइन् । राखेप च्याम्पियनसिपबाट शुरु भएको उनको स्वर्ण पदक विजेताको यात्रा अनवरत छ ।

त्यसैगरी पोखरामा भएको पहिलो महिला राष्ट्रिय कुस्ती प्रतियोगितामा पनि उनले स्वर्ण पदक जितिन् । त्यसपछि ओलम्पिक डे का अवसरमा भीमदत्तनगरमै भएको राष्ट्रियस्तरको प्रतियोगितामा स्वर्ण जितेकी शिवाङ्गीले काठमाडौंमा एशियन छनोटका बेला पनि स्वर्ण पदक हात पारेको उनका बुबाले जानकारी दिए ।

"छोरीको पछिल्लो स्वर्ण वृहत आठौंको हो ।" राजुले भने," १३औं सागमा पनि पदकको आशा धेरै छ ।" सागको बन्द प्रशिक्षणमा रहेकी शिवाङ्गीले दुई दशकपछि नेपालमै हुन लागेको साग प्रतियोगितामा पदक दिलाउने लक्ष्य राखेकी छिन् ।

"काश्य पदक ल्याउछुकी भन्नेमा म धेरै आशावादी छु ।" शिवाङ्गीको विश्वास छ, "सके अनुसार मेहनत गरिरहेको छु ।" उनले आफू अध्ययनमा पनि स्कुलमा अब्बल रहेको बताइन् । भीमदत्तनगरमा डेरा गरी बस्ने शिवाङ्गीका बुबा भने घर बनाउने मिस्त्रीको काम गरे ।

डडेल्धुराको अमरगढी नगरपालिका-५ स्थायी घर भएका राजुले लामो समय भारतमा बिताएको बताए । विसं २०५६ मा भारतको आग्राबाट सवारी चालकको कामबाट बिदा लिएर स्वदेश फर्किनुभएका राजुको इतिहास पनि छोरीकै जस्तै खेलकूदमा छ ।

"मैले भारतमा करीब २५ वर्ष कुस्ती खेले ।" राजु दुबेले भने-"७ कक्षा मात्रै पढेकाले जागिर जान सकिन ।"नेपाल फर्किएपछि राजुले पाँचौं, छेठौं, सातौं र आठौं वृहत राष्ट्रिय खेलकूद प्रतियोगितामा ८६ किलो तौल समूहमा प्रतिस्प्रर्धा गरेका थिए ।

छैठौंमा रजत र सातौं राष्ट्रियमा काश्य पदक जित्नुभएका राजुले गत चैतको आठौंको सहभागिता भने रोचक रहेको बताए ।"जीवनमै पहिलो पटक आठौंमा छोरीसँगै खेलाडी भएर राष्ट्रिय प्रतिस्प्रर्धामा सहभागी भए ।" उनले भने,"छोरीले स्वर्ण पदक भिर्त्याइन् भने मेरो सहभागिता मात्रै बन्न पुग्यो ।"

उनले आठौंका बेला आफू घाइते भएकाले पदक ल्याउन नसकेको बताए ।"छोरी पढाइमा पनि अब्बल भएकाले खेलमा ल्याएको हुँ ।" उनले भने,"मैले पढाइ नभएकाले नै जागिर खान सकिँन, छोरीको त आश छ नै ।" पारिवारिक रुपले सामान्य परिवारका दुबे छोरीको बन्द प्रशिक्षणमा हेरचाहका लागि हेटौंडामै रहेको बताए । दुबेका दुई छोरी र एक छोरा छन् ।


भारतको दिल्लीमा लामो समय मजदूरीसँगै कुस्ती खेल्नुभएका राजुले १९५७ मा भएको कुस्तीमा उत्तरप्रदेशको ऐटा जिल्ला च्याम्पियन भएको बताए ।"जिल्ला च्याम्पियन भएपछि महानगरस्तरको प्रतियोगितामा प्रवेश गरे ।" उनले भने,"त्यो स्तरमा भने जित्न सकिन ।"

नेपाली महिला कुस्ती खेलाडीले पहिलो पटक भारतको गवाहटीमा भएको १२औं सागमा सहभागी हुने अवसर पाएका थिए । मङ्सिरमा काठमाडौं र पोखरामा हुने १३औं सागमा कुस्तीमा महिलातर्फ १० वटा तौल समूहमा महिलाले सहभागिता जनाउने कुस्ती बन्द प्रशिक्षणमा खटिनुभएका प्रशिक्षक राजेन्द्र चन्दले जानकारी दिए ।

सागको बन्द प्रशिक्षणमा १० जना महिला खेलाडीमध्ये ६ जना भने कञ्चनपुरका रहेका छन् । गत जेठयता केही समय भीमदत्तनगरमै बन्द प्रशिक्षणमा रहेपछि कुस्ती टोली हेटौंडा गएको थियो ।

# आश्रितको गोजीको रु. १३ सय संग्राहलयमा

**–निरा गौतम**




सङ्ग्रहालयको मूलढोकाबाट प्रवेश गर्ने बित्तिकै सिसाले छोपेर राखिएका रु एक हजार ३०० मा सबैको ध्यान तानिन्छ । रुपैयाँका अगाडि टक्क उभिएर छेउछाउमा नजर डुलाउँदा फिलिप्स कप्पनीको पुरानो रेडियो, केही थान पुरुषले प्रयोग गर्ने कपडालगायतका बस्तु देख्दा सबैलाई कौतुहलता जाग्छ ।

त्यसरी सिसाभित्र राखिएका एक हजारको एउटा नोट र एक सयका तीनवटा नोट २६ वर्ष अगाडि चितवनको दासढुङ्गामा दुर्घटना भई ज्यान गुमाएका नेता जीवराज आश्रितको गोजीबाट निकालिएको थियो । आश्रितको मृत्युपछि उनले लगाएको कपडामा भेटिएका ती नोट अहिले बुटवलमा जीवराज आश्रित स्मृति प्रतिष्ठानले स्थापना गरेको जीवराज आश्रित स्मृति सङ्ग्रहालयमा राखिएको छ ।

"आश्रितले प्रयोग गरेका नोटमात्र होइन उनले प्रयोग गरेका रेडियो, कपडा, पुस्तकलगायतका सामग्री देख्दा उहाँलाई नजिकैबाट चिन्नेको मन भक्कानिन्छ", पूर्व सांसद तथा प्रतिष्ठानका संस्थापक अध्यक्ष देवेन्द्र घिमिरेले भने, "सङ्ग्रहालय अवलोकन गर्न आउनेलाई आश्रितको जीवनी र उनले प्रयोग गरेका सामग्री पहिचान गराउँदा कैयौं व्यक्तिका आँखा रसाउँछन्, आश्रितलाई नजिकबाट चिन्नेहरु सङ्ग्रहालयमा पुगेर टोलाउँछन् र श्रद्धाका आँशु झारेर फर्किन्छन् ।"

नेपाली इतिहासकै र रहस्मय घटनाका साक्षी बनेका रुपैँया र अन्य सामग्रीले आश्रितको दुर्घटना भएको दिनको स्मरण गराउँछ । "यहाँ आउँदा शुरु शुरुमा धेरै रोएँ, दाजु आश्रित यहीँ बसे जस्तो लाग्थ्यो, तर जीवराज आश्रित स्मृति प्रतिष्ठानका कारण दाजु अमर हुनुभएको छ भन्ने ठानेर अचेल खुशी हुन्छु" आश्रितकी माइली बहिनी सुशीला न्यौपानेले भने ।

आश्रित कुशल सङ्गठक मात्र नभएर सानैदेखि जातीय विभेद् र असमानताको विरोध गर्नुहुन्थ्यो । उनले घरबाटै त्यसको परिवर्तको शुरुवात गरी आफूले जनजातीसँग विवाह गर्नुभयो भने बहिनीको समेत जनजातीमै विवाह गराउनुभएको थियो । पार्टीमासमेत समान सहभागिता र समावेशीकरणको मुद्दा जोडतोडले उठाउने गरेका आश्रितलाई नजिकबाट चिन्नेको भनाइ छ ।

"उनले बाँचुञ्जेल महिलालाई राजनीतिमा आउन प्रेरणा दिए, महिला अगाडि नबढेसम्म देश अगाडि बढ्दैन भन्नुहुन्थ्यो", आश्रितसँगै राजनीतिकयात्रा अगाडि बढाएकी हीरामाया थापाले भने, "महिला राजनीतिमा आउनुमा उनको ठूलो देन छ, उनको देनको भावि पुस्ताले समेत कदर गर्नुपर्छ ।" विसं २०४९ चैतमा आश्रितले थापाकै घरमा पार्टीको जनवर्गीय सङ्गठन अखिल नेपाल महिला सङ्घलाई प्रशिक्षण दिनुभएको थियो ।

"उनको प्रशिक्षणले महिलालाई उत्साहित बनाएको थियो तर त्यो उत्साह जगाउने व्यक्ति नै नरहेपछि हामी केही समय निराश भयौं", उनले भने । बुटवल उपमहानगरपालिका-७ श्रवणपथमा स्थापना गरिएको सङ्ग्रहालयमा आश्रितले प्रयोग गरेका सामग्रीका साथै पर्यटकीय क्षेत्रको जानकारी, भौतिक ज्ञानमा आधारित विभिन्न सामग्री, औंजार तथा उपकरण राखिएका प्रतिष्ठानका महासचिव कल्पना थापाले बताए ।

सङ्ग्रहालयलाई अझै व्यवस्थित गर्न बाँकी रहेको उनको भनाइ छ । सङ्ग्रहालयमा नेपाली समाजको प्रतिनिधत्व हुनेगरी विभिन्न जातजाती र सम्पदाका वेषभूषा समावेश गरिएको छ । सङ्ग्रहालय प्रवेशका लागि रु ५० र ज्येष्ठ नागरिक, विद्यार्थी र फरक क्षमता भएका नागरिकलाई रु २५ शुल्क लिने व्यवस्था गरिएको छ ।

जीवराज आश्रित स्मृति प्रतिष्ठानको सचिवालय भवनमा स्थापना गरिएको सङ्ग्रहालयको गतवर्ष फागुन २५ गते नेपाल कम्युनिष्ट पार्टीका महासचिव विष्णुप्रसाद पौडेलले उद्घाटन गरेका थिए । सर्वसाधारणका लागि भने आश्रितको जन्मजयन्तीको अवसर पारेर आजदेखि खुल्ला गरिएको छ । आश्रितले नेपाली राजनीतिका आन्दोलन सफन बनाउन खेलेको भूमिका र पुऱ्याएको योगदानको स्पष्ट झल्को दिनेगरी सङ्ग्रहालयकलाई अझै व्यवस्थित र स्तरोन्नति गर्दै लैजाने प्रतिष्ठानका अध्यक्ष उमाकान्त बस्यालले बताए ।

जीवराज आश्रितको जीवनशैलीको अनुकरण र कृतित्वको रक्षा गरौं भन्ने मूलमान्यतासहित देवेन्द्र घिमिरेको नेतृत्वमा विसं २०६६ माघ १९ गते जीवराज आश्रित स्मृति प्रतिष्ठान नेपालको स्थापना भएको थियो । विसं २००१ साउन १८ गते आजका दिन गुल्की जिल्लाको हरेवामा जन्मनुभएका आश्रित विद्यार्थीकालबाट राजनीतिमा सक्रिय हुनुभएको थियो । उनले विसं २०२१ मा कम्युनिष्ट पार्टीको सदस्यता लिनुभएको थियो । आश्रितले विसं २०२६ देखि २०२८ सम्म जेल जीवन बिताउनुभएको थियो ।

तत्कालीन नेकपा एमालेको सङ्गठन विभाग प्रमुख आश्रितको पार्टी निर्माणकै क्रममा चितवन जाँदै गर्दा विसं २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा कार दुर्घटनामा निधन भएको थियो । उहाँसँगै मालेका तत्कालीन महासचिव तथा जननेता मदन भण्डारीको पनि निधन भएको थियो ।

# मेरा जिन्दगीका अनुभवहरु–७

दुईवाट विश्व युद्धमा भाग लिए पनि त्यति हानी व्यहोर्नु नपरेको देशको आर्थिक उन्नति प्रबल भएर कम्युनिजमको विरोध गरेर, युरोप हात लिएर Soviet Union को विघटन गराएर द्यष्उयबिच ध्यचमि भएर Unipower wolrd power भएर संसारका शक्तिशाली भएर बसेको छ, अमेरिका आदिवासी Red Indian हरु धेरै जसो Americal life style मा आई सकेका छन् । अहिले संसारभरिकै देशबाट Immigrants लिने व्यवस्था गरेर संसारभरिकै मानिसहरु त्यहाँ मिलेर Asian Culture जन्माएर, संसारमै Superpower भई बसेको छन् । अमेरिकाले संसारभरिका योग्य तथा उद्यमशिल व्यक्तिहरुलाई उत्साह प्रोत्साहन तथा सुविधा दिएर हरेक कुरामा विशेषज्ञहरुको अध्ययन टोली बनाएर, नीति निर्माण गरेर आफ्ना देशभित्रका तथा बाहिरा समस्याहरुको राम्रो हल निकालेर नीति निर्माण गरेर लागु गरेका छन् । उनीहरु नीति नियमाले दिएको अधिकार र कर्तव्यको अमेरिकी नागरिकले उपयोग गर्न सक्ने व्यवस्था र अवस्था देशमा छ । श्रमिक वर्गालाई उत्पादनलाको राम्रो हिस्सा उपलब्ध गराएर, खुसी बनाएर कर्पोरेट कम्पिटिशन उन्नत अवस्थामा काम गरेको पाइन्छ । अमेरिकाको गरिब वर्गकाले गरिब वर्गकाले वार्षिक १५००० डलर कमाउँछ भने औसत भारतीयहरुले वार्षिक ६००० डलर कमाउँछ । नियम कानुन लागु गर्नेदेखि न्याय पाकि, कार्यपालिकामा ऋजभअप बलम द्यबबिलअभ को राम्रो सन्तुलन छ । जनता सबै अंगो काम कार्यवाहीमा विश्वास र भरोसा राख्छन् । भरोसायुक्त पनि छ । डीभी र अन्य उपायबाट सरकारी रेकर्ड अनुसार चालिस पचास हजार नेपालीहरु भनेता पनि अन्दाजमा करीब चारलाख नेपाली अमेरिका रहेको अनुमान छ ।

उनीहरुमा सानासाना समुहमा पनि सांस्कृतिक संघ, सस्थाहरु प्रशस्त भेटिए ल्यल Resident Nepalses हरुसँग धेरै संलग्नता भएकोले उनीहरुको छाता संगठन जस्तो काम गर्नुपर्छ भन्ने सल्लाह दिएर उनीहरु सोही काममा व्यस्त भएर संगठन वृद्धिमा राम्रै गरी रहेका छन् । दश पन्ध्र वर्ष बस्दा धेरैचाटि नेपाल, क्यानडा, अमेरिका आवत जावत गरियो । क्यानडा पनि अमेरिका जस्तै उन्नत र Asian Origin मानिसहरुको बसोबास ठाँउ रहेछ । नेपालीहरु पनि संगठित भएर बसेको पाइयो ।

अमेरिका, क्यानडा बस्दा त्यहाँको इन्जिनियर, विद्यार्थी तथा इन्जिनियर कर्मचारीहरुलाई एसियाको रिसोर्सेज बारे अध्यापन गराउने तथा ध्यचमि द्यबलप मा आएका प्रपोजल हेरी आफ्ना विचार दिने कन्सलटेन्सी काम गर्ने अनुभव प्राप्त भयो । अमेरिकी विद्याथीहरुमा एसियन विद्याथीहर भन्दा ब्लबथिकष्क क्षमता बढी पाइन्छ । मैले सरकारी नोकरीबाट अवकाश पाएपछि तीन वर्ष जति इन्जिनियरिङ कलेजमा पठाउने काम गरे । नेपाली छात्रा छात्रा राजनीति बढी चाख राख्ने तर अध्ययनमा कमोजर भएको पाइन्छ ।

**विभिन्न प्रोजेक्टको अनुभव**

नेपालमा जलविद्युतको विकास कसरी गर्ने र कुन कुन प्रोजेक्ट गर्ने भन्ने सम्बन्धमा हामीले काम शुरु गरेको थियौ । भारतको सहयोगमा त्रिशुलीमा विद्युत् उत्पादनको लागि एकजना इन्जिनियरलाई खटाइएको थियो । सोही क्रममा कलेखानी प्रोजेक्ट कसरी गर्न सकिन्छ भनेर हामीहरु त्यसको संभाव्य अध्ययन लागेको थियौ ।

अव छोराछोरीहरुको पढ्ने उमेर भएकाले उनीहरुको अध्ययनको लागि घरमा नै एकजना मास्टरको व्यवस्था गरे । मास्टरले घरमा नै आएका मेरा केटाकेटीहरुलाई पढाइदिन्थे । सानो भएपनि त्यसले निकै राम्रो अनुभव दिएको थियो । यसले धेरैलाई माथिसम्म जाने आधार तयार पारिदियो । पनौती प्रोजेक्टको उद्घाटन गर्दा हामीलाई खुशी लागेको थियो ।

पनौति प्रजेक्टको सफतापछि मलाई विद्युत विभागबाट विद्युत विकास समितिको सचिवको रुपमा काजमा बोलाइयो । मैले त्यो समितिमा सचिवको हैसियतमा राम्रो काम गरे । विद्युत ऐन अनुसार विद्युत विकास समिति बनेको थियो । यसको मुख्य काम विद्युत बनाउने, विद्युत उत्पादनको लागि लाईसेन्स दिने, त्यसको अनुगमन गर्ने तथा वितरण गर्ने आदि थियो । त्यो समितिको विद्युत विकासको संभावनाहरुको बारेमा खोजी गर्ने काम पनि दिइएको थियो ।

मन्त्रलायको सचिवनको अध्यक्षतामा बनेको त्यो समितिमा विभिन्न मन्त्रालयका प्रतिनिधहरु पनि रहेका थिए । समितिको बजेट सरकारबाट नै निकासा हुने गरेको थियो । विद्युत ऐन बनेको भएपछि नियामावली बनिसकेको थिएन । विद्युतको लाइसेन्स वितरण, विद्युत वितरण र प्रशारण जस्ता नियमहरु बनिसकेको अवस्था थिएन । समष्टिमा विद्युत उत्पादनलाई बढाउने र देशमा विद्युतको विकासको लागि काम गर्नु हाम्रो समितिको काम थियो ।

उत्पादन संभावनाको अध्ययन शिलशीलामा नेपाल धेरै स्थानहरुमा जाने अवसर पाइयो । आफ्नै देशको नघुमेका स्थानहरु घुम्ने अवसर पनि पाइयो । ऐन बनाउने काममा कानुन मन्त्रालयका उपसचिव विश्वनाथ उपाध्ययायलाई सल्लाहकारको रुपमा हामीको झिकाएका थियौ ।

उहाँसँग हामी ऐन तथा नियम बनाउन परेको समयमा आवश्यक राय सल्लाह लिने गर्थ्यौ । त्यो समयमा उहाँलाई रु दुई सय पारिश्रमिक दिइएको थियो । उहाँले मेहेनेका साथ धेरै कुराको सल्ला दिनुभयो । हामीले नियम बनायौं र लागु गर्ने काम पनि भयो । विश्वनाथजी पछि नेपालको सवोच्च अदालतको प्रधानन्याधीश हुनुभयो । विश्वनाथजीसँग काम गरेका क्षणहरु सम्झनलायक छन् । उहाँ आफ्ना काम निकै मेहनेतका साथ सम्झौता नगर्ने खालको हुनुहुन्थ्यो ।

त्यतिबेला हामीहरु बत्तिसपुतलीमा बसेको थियौ । बहिनीहरु लक्ष्मी र विजया कलेज पढ्नको लागि हामीसँग आएर बसेका थिए । भिनाजु नगेन्द्रप्रसाद रिजाल त्यतिबेला मन्त्री हुनुहुन्थ्यो । हामी उहाँको नजिकमा नै बसेका थियौ ।

सोही समयमा मेरी कान्छी छोरी शर्मिलाको जन्म भयो । बहिनी विजयाले मेरी श्रीमतीको हाम्रो स्याहार गरेकी हुनाले परिवारमा पनि राम्रो वातावरण कायम भएको थियो । कान्छी छारीलाई मायाले पछिसम्म गुडिया भनेर बोलाउथ्यौ ।

नेपाल विद्युत समितिमा कार्यरत रहँदा नेपालगन्जमा विद्युत सप्लाई गर्छौ भनी शर्माहरु डिजेल प्लान्ट राख्न अनुमति मागेका थिए । मलाई त्यसको जिम्मेवारी दिएकाले छानविन गरी त्यहाँ विद्युत सप्लाईको



सूर्यनाथ बास्तोला

आवश्यकता भएकाले विद्युतको रेट आदि सम्बन्धमा आवश्य व्यवस्था मिलाए ।

त्यहाँको आवश्यकताको कारण लाइसेन्स पनि दिने काम गरे । त्यसैगरी भैरहवामा महेन्द्र सुगरमिल्सले डिजेल इन्जिन राखी विद्युत सप्लाई गर्न निवेदन दिएकाले भैरहवामा पनि विद्युत सप्लाई आवश्यक छानविनको लागि म गए ।

नेपालमा विद्युत आपूर्तिको बढ्दो मागसँगै सानातिना विद्युत उत्पादन र विकासको लागि भारतको सहयोगको सम्बन्धमा हुने विभिन्न कार्यक्रमहरुमा सहभागी भए । त्यसै गरी साना स्तरका विद्युत उत्पादन, वितरण र विकासका कार्य योजनाहरुमा पनि सहभागी हुँदै गइयो । सन् १९७८ मा विद्युत विभाग र कर्पेरेशनको रिअर्गानइज्ड गरियो । विद्युत कर्पोरशनले भने राम्रो खालको कामहरु गरिराखेको थियो ।


विद्युत विभागको पार निर्माणका कामहरु गर्न थाल्यो । मर्मत सम्भार लगायतका कामहरु कर्पोरेशनले नै पायो । विश्व बैक, एशियाली विकास बैक लगायत दातृ निकायले नेपालको जलश्रोतकमा लगानी गर्न इच्छा देखाउँदै ऋण अनुदान दिन थालिसकेको थिए । ठूला आयोजनाहरु निर्माणको लागि आवश्यक सर्वे हुन थालेको थियो । सोही समयमा विद्युत विभागको रिअर्गनाइजेशन भयो र मेजर हाइड्रो डिभिजनको स्थापना गर्ने काम भयो । नेपालमा ठूला आयोजना संचालनको लागि अनेक खालको प्रोजेक्टहरु आउन थालेका थिए । ती सबैको मूल्यांकन, रेखदेख, अनुगमन आदि काम मैले नै गरेका थिए ।

*क्रमशः*

# कविता/गजल

## चरित्र

रामनाथ अधिकारी



काम क्रोध लोभको कुलत लागे पछि ,
जीवनमा यसले नै गर्छ ठूलो क्षति ।
अहंकारी भावले तनाव बढाउँछ,
यही तनावले धेरै रोग लगाउँछ ।१।

जन्म मृत्यु चक्रमा फसाउने काम,
घमण्डले पुऱ्याउँछ सिघ्र मृत्यु धाम ।
कुमालेको चक्र समान घुमिरन्छ यो ,
यै भुमरीमा निरन्तर फसिरन्छ यो ।२।


बिना ज्ञान जीवनको लक्ष्य बुझिंदैन ,
भक्तिविना ज्ञानरुपी द्वार खुलिदैन ।
ज्ञानले नै जीवनमा शान्ति दिलाउँछ ,
यसैले प्रभुको भक्ति सुधा पिलउंछ ।३ ।

सज्जनको संगतले मुक्ति मार्ग मिल्छ,
दुर्जनको साथले नरक द्वार खुल्छ ।
चरित्रको निर्माण सत्संगबाट हुन्छ ,
चरित्रवान व्यक्ति इज्जत साथ हिन्छ ।४।

भ्रष्टाचार अन्याय र अत्याचार जति ,
चरित्रहीन व्यक्तिको नै हुन्छ कुमति ।
यस्ताले समाजमा इज्जत पाउँदैनन् ,
यी नरपशु समाजमा कैल्यै पुजिन्न ।५ ।

## गजल

दुर्गा अधिकारी भमरकोटे




भ्रष्टाचारी देशैंभरी, खिलाएकै हुन्छौ ।
अनैतिक कार्य सबै, मिलाएकै हुन्छौ ।

ठुलाबडा धनीमानी, तिम्रै इष्ट मित्र,
लुटी खाने ठेक्का पट्टा, दिलाएकै हुन्छौ ।

बर्षामास अरबौंको, बजेट् छताछुल्ल,
बाटो ढल टालटुल, सिलाएकै हुन्छौ ।

वाइड्बडी बिमानको, अत्तोपत्तो छैन,
हत्या काण्ड सुन काण्ड, निलाएकै हुन्छौ ।

अरबौंको कर छली, लुटुपुटु पारी,
दरो भन्ने सरकार, हिलाएकै हुन्छौ ।

## सरकारी वकिल प्रलोभनमा पऱ्यो

कृष्ण बहादुर बोगटी काका



सरकारी वकील प्रलोभनमा पऱ्यो
घरबार विहिनी गरिब विचल्लीमा पऱ्यो
प्रलोभनमा पर्ने सरकारी वकील
गरिबलाई फसाई भ्रष्टको पैसा बोकिस ।

सरकारी वकील भन्छ पिडितले भन्या कुरा साचो
मैले देख्या कुरा भन्छु सकारी वकीललाई पैसा खाचो ।

आमा बाउले भन्या मेरो छोरी बलात्कार गऱ्यो
सरकारी वकीलले पैसा लिई सफाई दिनै पऱ्यो
सरकारी ओकिल भन्छ पिडित ले भन्या कुरा साँचो
पैसा खान पायो भने गर्छ सरकारी वकीले बग्याँउने बाटो ।

सरकारी वलिक सारै गद्धार रैछ
जस्ले पैसा दिन्छ उस्कै पक्ष लिदो रैछ
बालीकाले आरोप लगाईन रिपोर्ट पनि कडा
पैसा खाई मुद्दा क्यान्सिल गऱ्यो सरकारी वकीललाई फाइदा

जसले पैसा दिन्छ सरकारी ओकिल उसैको हुने
गरीव पिडितको मन सारै नै रुने
कन्या जाली च्यातिएकी बालीका थिइन
प्रलोभनमा परी सरकारी ओकीलले मुद्दा फिर्ता लिइन ।

चक्रबहिल–१२ ललितपुर, बालकुमारी

# ‘भावनाका फूलहरु ३’ लोकार्पण

काठमाडौं । सर्जक किरण टी लिम्बुको गीति एल्बम ‘भावनाका फूलहरु ३’ लोकार्पण गरिएको छ । राजधानीको रातोपुल स्थित रकहाउस क्याफेमा शुक्रबार एक कार्यक्रमबीच गीति एल्बम ‘भावनाका फूलहरु ३’ लोकार्पण गरिएको हो ।



बरिष्ठ गीतकार राजेन्द्र थापाको प्रमुख आतिथ्यतामा भएको विमोचन कार्यक्रममा बरिष्ठ सङ्गीतकार गणेश रसिक, गीतकार विश्व बल्लभ, गीतकार सङ्घका अध्यक्ष चूडामणी देवकोटा, मेजर काजीमान लिम्बुलगायतकाको आतिथ्यतामा गीति एल्बम लोकार्पण गरिएको थियो ।

एल्बम विमोचन पछि अतिथिहरुले मन्तब्यका क्रममा एल्बममा रहेका गीत मधुर र कणप्रिय रहेको भन्दै सर्जक किरण टी लिम्बूलाई बधाई तथा शुभकामना दिएका थिए ।

लोकार्पण कार्यक्रममा एल्बममा संलग्न सबैलाई मायाको चिनो प्रदान गरिएको थियो । गीतकार सङ्घले आयोजना गरेको कार्यक्रमको सहजीकरण सङ्घका महासचिव वसन्त वित्यासी थापाले गरेका थिए भने स्वागत मन्तब्य सङ्घका उपाध्यक्ष शुभ मुकारुङले राखेका थिए ।

एल्बममा ‘अलि अलि हास्दै’’ ‘सम्झना साथमा’’, ‘छोएर गयो’’, ‘यो आँखाले’’ र ‘दुईलाई गुणा गर्दा’’ जस्ता पाँच वटा गीत समावेस गरिएको छ । एल्बममा रहेको ‘छोएर गयो’’ गीतमा दीपा लामा र बलराम समालले अलग अलग स्वर दिएका छन् । अन्य गीतमा अनु चौधरी, राजेश पायल राई, दिपक लिम्बु र उत्तमजंग लिम्बु लावतीको स्वर रहेको छ । एल्बममा रहेका गीत मध्ये ‘छोएर गयो’’मा बलराम समालले सङ्गीत भरेका छन् भने अन्य गीतमा उत्तमजंग लिम्बु लावतीको सङ्गीत रहेको छ ।

सर्जक किरण टी लिम्बुको सार्वजनिक भएको यो तेस्रो गीति एल्बम हो । गीतकार सङ्घ नेपालका अध्यक्ष चुडामणि देवकोटाको सभापतित्वमा सम्पन्न भएको लोकार्पण कार्यक्रममा सर्जक, स्रष्टा र सञ्चारकर्मीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

# अधिकारीले हाने ६०१ को झटारो

काठमाडौं । दुर्गा अधिकारी भमरकोटेद्धारा लिखित ६०१ झटरा मुक्तक सग्रह पुस्तक प्रज्ञा भवनको लेखनाथ बाचनलायमा भव्य कार्यक्रम गरी सार्वजानिका गरिएको हो ।



कार्यक्रमको संञ्चालन भैरबी ढकालले सुरुमा नै कबिता बाचन गरेर आकर्षण ढंङगवाट शुरु गर्नु भएको थियो । कार्यक्रमको महत्व बढाउन पुर्व साहायक रथि तथा वरिष्ट साहित्यकार तेजप्रकाश बानियाले स्वागत मन्तब्य राख्नुभएको थियो । भने बिभिन्न व्याक्तित्व प्रज्ञा प्रा. डा. हरुले दुर्गा अधिकारीद्धारा लिखित ६०१ पुस्तकको बारेमा चर्चा गरेका थिए । आजका प्रमुख अतिथि रहनु भएका प्रज्ञा प्रतिष्ठानका कुलपति गंगा प्रसाद उप्रेतिले ६०१ झटारा मुक्तक सग्रह पुस्तकका लेखकलाइ शूभकामना साथै बधाइ दिनुभएको थियो । लेखकको प्रसंशा गर्दै प्रमुख अतिथिले आउदा दिनमा अझै हौशला मिलोस भनि कामना समेत गर्नुभएको थियो ।

# गायक आनन्द कार्कीले गाए कोरियन भाषामा गीत

काठमाडौं । नेपालको प्रख्यात गायका आनन्द कार्कीले नेपाली संङगीतिक क्षेत्रमा ख्याति कमाएको त सवैलाइ थाहै छ । लोक, आधुनिक, गजल, चलचित्रका गीतहरु गाउदै विदेशमा समेत नेपाली गीत संङगीत लिएर नेपालको प्रतिष्ठा



बढाउन सफल कार्कीले हालै अर्को कोरियन भाषामा गीत गायर नेपाली कलाकारहरु पनि सक्षम छन् भन्ने उदारण दिन सकेका हुन । हुनत आनन्द कार्कीले सयौ गीतहरु गाइसकेका छन् भने राष्ट्रिय गीतहरु समुहगतमा गाएर नेपालको सिर उच्च राख्दै आएका छन् ।

## सुन्दरीजलबाट ...

रौनियारले भारतको बाबाधाममा हुने बोलबम यात्रामा भारतीय सरकारले सबै व्यवस्था गरिदिने गरेको उल्लेख गर्नुहुँदै नेपालमा भने ४४ वटा उपसमिति गठन गरेर रु ३२ लाख चन्दा उठाउनुपरेको गुनासो गर्नुभयो।

गोकर्णेश्वर नगरपालिकाले थोरै सहयोग गरे पनि प्रदेश एवं सङ्घीय सरकारबाट बोलबम यात्राका लागि केही सहयोग नभएको उहाँले बताउनुभयो। सुन्दरीजलमा बोलबम यात्रा गर्न भारतीय पर्यटकसमेत आउन इच्छा गर्ने भए पनि पर्यटकीय पूर्वाधार बन्न नसकेको उहाँको भनाइ थियो।

सुन्दरीजलमा धर्मशाला निर्माणका लागि सङ्घीय सरकारको अर्थ मन्त्रालयसँग रु १० करोड सहयोग माग गरिएको सङ्घले जनाएको छ। नेपाल भ्रमण वर्ष सफल बनाउन पनि सबैभन्दा धेरै धार्मिक पर्यटक आउने भएकाले धाम, धर्मशाला जस्ता संरचना बनाउन ढिलाइ गर्नु नहुने बोलबम यात्रीको माग छ।

पशुपतिनाथलाई सोमनाथ, मल्लिकार्जुन, महाँकाल, ओमकार, केदार, भीमशङ्कर, विश्वेश्वर, त्रयम्बक, वैद्यनाथ, नागेश, रामेश्वर र घृश्णेश्वर गरी द्वादश ज्योतिर्लिङ्गको पनि ज्योतिर्लिङ्ग अर्थात् महाज्योतिर्लिङ्गका रूपमा वैदिक सनातन धर्मावलम्बीले पुज्ने भएकाले पनि धेरै मानिस दर्शन एवं पूजाआजाका लागि यहाँ आउन चाहन्छन्। तर त्यसका लागि पूर्वाधारलगायत संरचना विकास हुन सकेको छैन।

विसं २०४५/२०४६ तिर सीमित तराईवासीले मात्र सुन्दरीजलबाट पशुपतिनाथ जल लगेर चढाउँथे। हाल त्यो सङ्ख्या सयौँ गुणा बढिसकेको छ। बोलबम यात्राले सुन्दरीजल क्षेत्रको व्यापार व्यवसायमा पनि सकारात्मक प्रभाव पारेको छ। साउन महीनामा धेरै व्यापार हुने गरेको यहाँका होटल व्यवसायी गौतम श्रेष्ठले बताउनुभयो।

बोलबमका लागि आवश्यक पर्ने कपडा, भाँडाकुँडाको व्यवसाय पनि उस्तै फस्टाएको छ। बोलबम यात्राका लागि पर्याप्त शौचालयको व्यवस्था हुन नसक्दा साउन महीनामा उपत्यकाको खानेपानीको स्रोतसमेत भएको ठाउँमा प्रदूषण फैलने गरेको छ। यसतर्फ नगरपालिकालगायत सरोकार भएका निकायको ध्यान जान सकेको छैन।

पहेँलो कपडा लगाएका भक्तजन हातमा काँवरसहित घडामा जल लिएर खाली गोडा बोलबम उच्चारण गर्दै सुन्दरीजलबाट पशुपतिनाथ मन्दिर पुग्छन्। यसरी बोलबम यात्रा गर्ने दर्शनार्थीले गोकर्णेश्वर महादेव मन्दिरलगायत बीच बाटामा पर्ने शिवालयमा पनि शुद्ध जल चढाउँछन्।

भगवान् शिवलाई जलधारा प्रिय हुने भएकाले साउन महीनामा नदीबाट शुद्ध जल, गाईको दूधलगायत अर्पण गर्ने परम्परा छ। वर्षमा एकपटक साउन महीनामा घरघरमा वैदिक रुद्राभिषेक गर्ने परम्परासमेत नेपाली समाजमा चल्दै आएको छ। यसरी रुद्राभिषेक गरेमा घर नराम्रो शक्तिको प्रवेश नहुने सुख शान्ति एवं ऐश्वर्य प्राप्ति हुने पौराणिक मान्यतासमेत छ।

### पशुपतिमा बिहानैदेखि भीड

साउन महीनाको तेस्रो सोमबार हिजो बिहानैदेखि पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवालयमा पूजाआजा एवं दर्शन गर्ने भक्तजनको भीड लागेको छ। साउने सोमबारका अवसरमा बिहान ३ बजेदेखि नै पशुपतिका चारै ढोका खोलिएको कोषका सदस्य सचिव ढकालले जानकारी दिनुभयो। विशेष पर्वमा जस्तै हिजो पनि पशुपतिनाथमा भक्तजनको प्रवेशका लागि चार स्थानबाट लाम लाग्ने व्यवस्था गरिएको छ। पहिलो लाम गौरीघाट-उमाकुण्ड-रुद्रगाडेश्वर हुँदै पश्चिमढोकाबाट, दोस्रो लाम मित्रपार्क-दक्षिणामूर्ति पश्चिम मूलढोकाबाट, तेस्रो लाम जयवागेश्वरी-भुवनेश्वरी-शङ्कराचार्य मठबाट पश्चिम मूलढोकाबाट, चौथो लाम पिङ्गलास्थान-चार शिवालय-पञ्चदेवल हुँदै दक्षिणढोकाबाट मन्दिर प्रवेश गर्ने व्यवस्था मिलाइएको कोषले जनाएको हो।

साउन महीना र सोमबार भगवान् शिवको महीना एवं बार भएकाले हिजो बिहानै स्नान गरी शिवालयमा पूजाआजा एवं दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने, अटल सौभाग्य प्राप्त हुने धार्मिक विश्वास छ। पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवालयमा विशेषगरी महिला भक्तजनको भीड देखिन्छ। रातो एवं हरियो पहिरनमा सजिएका भक्तजनले पशुपति क्षेत्र भरिभराउ भएको थियो। साउनको सोमबारलाई लक्षित गरेर कोषले अतिरिक्त जुत्ताचप्पल कक्षको व्यवस्था गरेको छ। भक्तजनको भीड बढ्ने भएपछि सुरक्षालगायत सबै प्रबन्ध पशुपति विकास कोष मिलाएको छ। विवाहित महिलाले श्रीमानको दीर्घजीवनको कामना र अविवाहित महिलाले योग्य वरको कामना गर्दै साउने सोमबारको व्रत बस्ने भन्ने भनाइ पनि प्रचलित छ। घरघरमा महिलाले परिवारका सबै सदस्यको सुख, शान्ति एवं पारिवारिक समृद्धिका लागि व्रत बसी पूजाआजा गर्छन्। यस वर्ष साउनमा चार वटा सोमबार परेको छ। साउन ६, १३, २० र २७ गते सोमबार परेको छ।

### गोकर्णेश्वरमा उल्लेख्य भक्तजन

राजधानीको उत्तरपूर्वी भेगमा रहेको गोकर्णेश्वर महादेव मन्दिरमा पनि भक्तजनको हिजो बिहानैदेखि भीड लागेको छ। सुन्दरीजलबाट शुद्ध जल लिई आउने भक्तजनले गोकर्णेश्वरलगायत बाटामा पर्ने शिवालयमा जल चढाउँछन्। पशुपतिनाथमा श्रीयन्त्र र गोकर्णेश्वरमा बालयन्त्रको पूजा आराधना गर्ने प्राचीनकालदेखिको परम्परा रहेकाले एउटा मन्दिरमा पूजा एवं दर्शन गर्ने भक्तजन अर्को मन्दिरमा पनि जानुपर्ने मान्यतासमेत छ।

### नागेश्वरमा भक्तजनको भीड

यसैगरी पेप्सीकोलास्थित नागेश्वर महादेव मन्दिरमा पनि हिजो बिहानैदेखि भक्तजनको भीड लागेको बताइएको छ। दर्शनार्थी भक्तजनलाई सुविधा होस् भनी बिहान ३ बजेदेखि नै मन्दिरका चारै ढोका खुला गरिएको नागेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रकाश रायमाझीले जानकारी दिएका छन्। मन्दिरमा दर्शनका लागि भारतीय भक्तजनको पनि भीड लागेको छ।

## डुबाउने नै ...

घर फर्कने गरेका छन् भने बैंकमा रकम राख्न झिक्न त ३:३० बजेदेखि बन्द भइसकेको हुन्छ। तर शम्भु गौतम रातको ७ बजेसम्म बैंकमा नै हुन्छन् भने उनको अशिष्टेन्ट एक महिला राखेका छन्। राती ती महिलालाई भने प्रमुख कार्यकारी जबसम्म बैंकबाट निस्कँदैनन् ती महिला पनि बैंकबाट ननिस्कने गरेको स्रोतको दावी छ। त्यसकारण सिद्धार्थ बैंकमा हरेक कृयाकलापहरु शंकास्पद हुँदै गएको जानकारहरुको रहेको छ।

यसै विषयमा हाम्रो जनआकाश मिडियाले खोजिनीति गर्दा पनि त्यस्तो मिल्दो जुल्दो अवस्था भेटिएको कारण यो समाचार तयार गरेका छौं र अझै यसको वास्तविकता बाहिर ल्याउने प्रयास गरिरहेका छौं।

## मस्टो ..

वक्ताहरुले बोलेका थिए। मस्टो कुलदेवता प्रतिष्ठानको स्थापनाकालदेखि जोजो नेतृत्वमा छन् उनीहले नै आफ्नै ढंगबाट मस्टोको व्याख्या गरेर पुस्तक, पर्चामार्फत प्रचार गर्दै आएका छन् भने विज्ञहरुले दिने सुझाव सल्लह कतै पनि समावेश गरिएको देखिँदैन र मस्टो कुलदेवता प्रतिष्ठानमा विशेष गरेर पश्चिमतिरका खड्का थरका व्यक्तित्वहरुको नै बाहुल्यता देखिन्छ। त्यसको अलावा पश्चिमतिरका धामीहरुले बताए अनुसार खप्तडको ढाड फाटेर उत्पत्ति भएका मस्टोका सन्तानहरुनै खस राज्यका सन्तानहरु भएको दावी गर्दै आएका छन्। तर अहिलेसम्म कसैले पनि तोकेर यसै हो भन्न सक्ने अवस्था नआएको मस्टो कुलदेवता प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि प्रज्ञा प्रतिष्ठानका कलुपति गंगाप्रसाद उप्रेतीले समेत उक्त कुरा कार्यक्रममा व्यक्त गरेका थिए।

# हिमालयनलाई अन्तरबैंक फुटसल उपाधी

काठमाडौं। हिमालयन बैंकले शनिबार पहिलो संस्करणको अन्तरबैंक फुटसल प्रतियोगीताको उपाधि जितेको छ। एक्टिभ स्पोर्टस्को आयोजनामा सम्पन्न फाइनलमा हिमालयनले ग्लोबल आइएमइलाई ३-० ले हराउँदै उपाधि हात पारेको हो।

यसअघि सेमिफाइनलमा हिमालयनले सिभिल बैंकमाथि ३-२ को जित निकालेको थियो। अर्को सेमिफाइनलमा ग्लोबलले मेगा बैंकमाथि ५-० को फराकिलो जित निकाल्यो।

प्रतियोगीताको क्वाटरफाइनल बाट कुमारी, एनआइसी एसिया, एनएमबी तथा प्रभु बैंक बाहिरिएका थिए। च्याम्पियन भएसँगै हिमालयनले एकलाख रुपैयासँगै २०१९ सिजनभरी स्वीमिङ सदस्यता प्राप्त गरेको छ।

दोश्रो स्थानमा रहेको ग्लोबलले ५० हजार रुपैयाँ पाएको छ। यसैगरी, हिमालयनका आँचल खत्री प्रतियोगीताका मोस्ट भ्यालुएबल खेलाडी चुनिए। प्रतियोगीतामा समान नै गोल गर्ने तीन खेलाडीले सर्वाधिक गोलकर्ता उपाधि हात पारे।



हिमालयनका आँचल, हिमालयनकै विवेक महर्जन तथा एनआइसी एसियाका सुरज महर्जनले संयुक्त रुपमा सो उपाधि जितेका हुन्। हिमालयनका सुरज चन्द प्रतियोगीताको उत्कृष्ट गोलरक्षक बने। प्रतियोगीताका विजयी खेलाडीलाई नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले पुरस्कृत गरेका थिए।

# विराटनगर घुम्न जानहरुलाई खुशीको खबरः अब होटल ह्यारिसनमा हुने भो यस्तो छुट

विराटनगर। एनआईसी एशिया बैंक लिमिटेड र होटल ह्यारिसन प्याले विराटनगरबीच बैंकका सम्पूर्ण ग्राहकवर्ग तथा कर्मचारीलाई सहुलियत सेवा सुविधा वितरण गर्नेबारे सम्झौता भएको छ। उक्त सम्झौता अनुसार अब विराटनगरको बन्जारा चोक स्थित होटल ह्यारिसन प्यालेसका विभिन्न सेवा सुविधाहरुमा बैंकका ग्राहकहरुले तीस प्रतिशतसम्म छुट सुविधा पाउँने भएका छन। उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट प्रदेश १ का प्रादेशिक कार्यालयका प्रमुख दीपक थापा र होटल ह्यारिसन प्यालेसको तर्फबाट होटलका म्यानेजर प्रदीप पोखरेलले हस्ताक्षर गरेका छन।

उक्त सम्झौताबारे जानकारी गराउँदै हालै एक विज्ञप्ति जारी गरेर बैंकका प्रमुख सूचना अधिकारी सुधिर नाथ पाण्डेले प्रदेश १ को मुख्य शहर विराटनगर घुम्न जाने बैंकका ग्राहक महानुभावहरु लाभान्वित हुने विश्वास बैंकले लिएको समेत बताएका छन।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर २९५ शाखा कार्यालयहरु, ३२० एटिएम, ५५ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको बताइएको छ। १७ लाखभन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन्। साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

## बन्द राजमार्ग खुला

काठमाडौं। माथिबाट राजमार्गमा ठूलो ढुङ्गा लडेका कारण हिजो बिहान रसुवामा भएको सवारी दुर्घटनामा परी घाइते चालकको थप उपचारका लागि काठमाडौं पठाइएको छ। घाइते हुनेमा सिन्धुपाल्चोक जिल्ला भोटेकोशी गाउँपालिका वडा नं ४ निवासी ३५ वर्षीय रामकुमार श्रेष्ठ रहेका छन्। उहाँको शरीरका विभिन्न भागमा चोट लागेको बताइएको छ। चिनियाँ तयारी पोशाक लिई आउने क्रममा रसुवा जिल्ला गोसाइँकुण्ड गाउँपालिका-२ तातोपानी नजिक अन्तर्राष्ट्रिय राजमार्गको भिरमा ना३ख ५१७९ नम्बरको डिब्बा दुर्घटना हुँदा निज चालक श्रेष्ठ घाइते भएको प्रहरीले बताएको छ।

'गुडिरहेको डिब्बामा एक्कासी माथिबाट आएको ढुङ्गाले लाग्यो चालक अतालिएपछि डिब्बा पल्टिएर छेउमा पुग्यो धन्न भिरमा झरेन, तल झरेको भए धेरै तल पुग्थ्यो र ठूलो दुर्घटना हुनेथियो।'

मालवाहक कन्टेनर दुर्घटना भई सडकमै पल्टिएर आज बिहानैदेखिको अवरूद्ध राजमार्ग नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, निर्माणाधीन रसुवागढी जलविद्युत् आयोजनाका उपकरण र नेपाली सेनासमेतको सहयोगले पल्टिएको मालवाहक उठाई आठ घण्टापछि राजमार्ग खुला गरिएको सीमा प्रहरी चौकी टिमुरेका प्रहरी निरीक्षक खेम नेपालले जानकारी दिनुभयो।सो स्थान पुग्ने सवारी साधनलाई माथिबाट झरिरहने ढुङ्गाले हिर्काएका कारण यही साउन ११ गते दुई जनाको मृत्यु हुनुका साथै सात जना घाइते भएका थिए।




जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, सम्पर्क कार्यालय: ०१-४४६२९३९, चाबहिल, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस